मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## २०८२ को पात्रो माघ तेस्रो साता आउने

**मधेशदृष्टि**
**वीरगंज ।**
२०८२ सालको पञ्चाङ्ग (पात्रो) माघ तेस्रो सातासम्ममा बजारमा ल्याइने तयारी भएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले पञ्चाङ्गकारले ग्रहगणित गणना गरेर रुजु भइसकेकाले बाँकी काम सिध्याएर समितिले स्वीकृति दिन लागेको जनाएको छ । समितिले स्वीकृति दिएपछि पात्रो प्रकाशन हुनेछ ।
२०८२ का लागि समितिले चाड पर्वको निर्णय पनि गरिसकेको छ । विवाह, व्रतबन्धलगायतको मुहूर्तको निर्णय केही दिनमै गरिने समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीले जानकारी दिए । २०८२ का लागि २०८१ सालसम्म प्रकाशन भएका १४ पञ्चाङ्ग र नयाँ तीन वटाले प्रकाशन अनुमतिका लागि निवेदन दिएको छ ।
मन्त्रिपरिषद्ले २०७७ पुस २० गते गरेको समितिको गठन आदेशको स्वीकृतिबमोजिम पात्रो (पञ्चाङ्ग) र भित्तेपात्रो (क्यालेण्डर) प्रकाशनको अनुमति दिँदै आएको छ । गठन आदेशबमोजिम समितिको स्वीकृतिबिना पात्रो (पञ्चाङ्ग) र भित्तेपात्रो (क्यालेण्डर) प्रकाशन गर्न पाइँदैन ।

● वर्ष ३ ● अंक ६८ ● २०८१ साल माघ ०४ गते शुक्रबार ● Friday 17, January 2025 ● सूर्योदय: बिहान ६:५६ बजे ● सूर्यास्त: साँझ ५:३५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# जय ट्रफीः पुलिसको कब्जामा




**मधेशदृष्टि**
**वीरगंज ।**
विभागीय टोली नेपाल पुलिस क्लबले त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै जय ट्रफी पुरुष एलिट कप क्रिकेट प्रतियोगिताको उपाधि जतेको छ । वीरगंजस्थित नारायणी क्रिकेट मैदानमा बिहीबार भएको फाइनलमा पुलिसले आर्मीलाई २८ रनले पराजित गर्दै प्रतियोगिताको उपाधि जितेको हो । पुलिसले दिएको एक सय तीन रनको लक्ष्य पच्छ्याएको आर्मी तेस्रो दिनको दोस्रो सेसनमा २९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ७४ रनमा समेटियो ।
आर्मीका लागि इमरान शेखले सर्वाधिक २८ रन बनाउँदा सोमपाल कामी र विनोद भण्डारीले समान ११ रन बनाए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । पुलिसका सागर ढकालले छ तथा ललित राजवंशीले चार विकेट लिए ।
दोस्रो इनिङ्मा पुलिस एक सय ३९ रनमा अलआउट भएपछि आर्मीले एक सय तीन रनको लक्ष्य पाएको थियो । नौ विकेटको क्षतिमा एक सय ३२ रनबाट पुलिसले तेस्रो दिनको खेल शुरु गरेको थियो । थप सात रन जोड्दा अन्तिम विकेट गुमाएपछि दोस्रो इनिङ्मा पुलिसले एकसय दुई रनको अग्रता बनायो । अन्तिम विकेटका रुपमा बसिर अहमदले ललितलाई आउट गरे । सागर ढकाल छ रनमा नटआउट रहे ।
पुलिसका लागि ओपनर कुशल भुर्तेलले ४५, दिलीप नाथ ३४, राशिद खान १८, ओपनर अमित श्रेष्ठले १३ रन बनाएका थिए । त्यसबाहेक पुलिसका अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । आर्मीका बसिर र साहब आलमले समान पाँच–पाँच विकेट लिए । पहिलो इनिङ्मा पुलिसले नौ विकेटको क्षतिमा एक सय ३३ रन बनाउँदै इनिङ समाप्तिको घोषणा गरेको थियो भने आर्मीले एक सय ७० रन बनाएको थियो । आर्मीका लागि पहिलो इनिङ्मा भीम सार्कीले सर्वाधिक ५८ रन जोडेका थिए । उनले ५५ बलमा छ चौका र तीन छक्का प्रहार गरेका थिए । बसिरले ४०, सोमपालले ३२ तथा कप्तान विनोदले १४ रन बनाए ।
पुलिसका लागि सागरले पहिलो इनिङ्मा पनि पाँच विकेट लिएका थिए । कुशल भुर्तेलले तीन तथा ललित र गुलशन झाले समान एक विकेट लिएका थिए । त्यसअघि टस हारेर ब्याटिङ्को निम्तो पाएको पुलिसले पहिलो इनिङ्मा नौ विकेट गुमाएर एक सय ३३ रन बनाउँदै इनिङ समाप्तिको घोषणा गरेको थियो । पुलिसका लागि ओपनर कुशलले सर्वाधिक ५१ रन बनाएका थिए । अर्जुन साउदले २८, अमितले २० र राशिदले १० रन बनाएका छन् । आर्मीका साहब आलमले सात, सोमपाल र बसिर अहमदले समान एक विकेट लिएका थिए ।

# १४ परिवारलाई मुआब्जाविना रेलको टेण्डर




**मधेशदृष्टि**
**वीरगंज ।**
अधिग्रहण गरी लिनुपर्ने जग्गाको मुआब्जा समस्या समाधान नै नगरी रेल विभागले टेन्डर प्रक्रिया थालेका कारण महोत्तरीको बर्दिबासका जग्गाधनीले विरोध जनाएका छन् । जनकपुर बर्दिबास रेल परियोजना अन्तर्गत बर्दिबास नगरपालिकामा रहने स्टेसन क्षेत्र नजिकको जग्गामा वर्षौंदेखि बसोबास गरिरहेका १४ घरपरिवारले सीमाङ्कन गरी विवाद समाधान गरी मुआब्जा वितरण गर्न रेल विभागसँग माग गरेका थिए ।
विभागले लामो समयदेखि ती स्थानमा जग्गाको मुआब्जा विवाद नसुल्झाई हतारमा टेन्डर प्रक्रिया थालेका कारण नसक्दा काम अघि बढ्नसकेको छैन । स्टेसन छेउमा रहेको जग्गा २०२२ सालमा नापीले नापजाँच गरेको थियो । तर, त्यतिबेला लालपुर्जा भने लिन छुटेको थियो । लालपुर्जा लिएको जग्गा २०७८ सालमै प्रतिकठ्ठा ६१ लाख रुपैयाँमा मुआब्जा वितरण भइसकेको छ । तर लालपुर्जा लिन छोडेका १४ परिवारको मुआब्जा प्राविधिक कारणले रोकिएको छ । रेल विभागका प्रवक्ता कमल कुमार शाह यो जग्गालाई मुआब्जा दिनुपर्छ भन्नेमा विभाग प्रस्ट रहेको भए पनि लालपुर्जा नभएका कारण दिन नसकिएको बताउँछन् । जग्गामा मुआब्जा दिनुपर्छ भनेर मन्त्रालयमा सिफारिस गरिसकिएको भन्दै उनले सरकारले निर्णय नगरी मुआब्जा दिने अवस्था नभएको बताए । त्यस क्षेत्रका स्थानीयले पनि चलनचल्तीभन्दा कम मुआब्जा दिने निर्णय भएको भन्दै लिन अस्वीकार गरेका छन् । मुआब्जा नपाएकामध्ये एकजना पीडित माधव दाहाल जग्गा ऐलानी नभएर नम्बरी नै रहेको भन्दै लालपुर्जा मात्रै लिन छुटेको बताए । २०७८ सालमा प्रतिकठ्ठा ६१ लाख रुपैयाँ दिइएको जग्गामा तीन वर्षको मूल्यवृद्धि जोडेर मुआब्जा पाउनुपर्ने उनको भनाइ छ । आफूहरूले जायजेथा छोडेर हिँड्नुपर्ने अवस्था आएको भन्दै अर्को ठाउँमा बसोबास गर्नसक्ने पैसा सरकारले दिनुपर्ने उनको भनाइ छ । मुआब्जाबारे पीडितसँग विभाग र ठेकेदारले पटकपटक वार्ता पनि गरेका थिए । तर स्थानीयले सीमांकन गरी मुआब्जा नदिएसम्म काम गर्न नदिने अडान राखेका थिए । ठेकेदारले पनि यहाँ काम अघि बढाएका छैनन् । सीमाङ्कन नगरी माटो फिलिङ गर्दा अधिग्रहण नगरिएको जग्गामा माटो पुरिँदा पछि विवाद सिर्जना हुने र आयोजनाको निर्माणमै ढिलाइ हुने देखिएको छ । भंगाहाको उत्तरतर्फ पानीट्यांकी हुँदै प्रेमनगर कटहरी जाने सडक छुटेको भनी रेल्वे कार्यालयको सिफारिसमा मुआब्जा थप गर्ने निर्णय पनि भएको थियो ।

# मन्त्रालयमै मन्त्री पिटिए ?



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल सरकारका मन्त्री आफ्नै मन्त्रालयम पिटिएका छन् । अझ रमाइलो त यो छ कि, जुन पार्टीका मन्त्री पिटिएका छन्, उनकै पार्टीका मन्त्री नै देशका गृहमन्त्री पनि छन् । तर जनतामा यति धेरै आक्रोश उत्पन्न हुन थालेको छ कि, अब मन्त्रालयमै मन्त्रीहरु असुरक्षित हुन थालेका छन् ।
प्रसंग हो, ऊर्जामन्त्री दीपक खड्काको । उनले आफूमाथि मन्त्रालयमै हातपात भएको भन्दै सुरक्षा व्यवस्थामाथि प्रश्न उठाएका छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले बिहीबार बुढानीलकण्ठमा राखेको मन्त्रीसहितको संसदीय दल कार्यसमितिको बैठकमा खड्काले आफूमाथि हातपात भएको र सुरक्षाकर्मी समयमै नपुगेको गुनासो गरे ।
'गत शुक्रबार साँझ ६ बजे मन्त्रालयबाट निस्कदैँ गर्दा भऱ्याङमै ममाथि एक व्यक्तिले हातपात प्रयास गरे,' बैठकमा गृहमन्त्री रमेश लेखकलाई सुनाएका थिए, 'किन मन्त्रालयमै सुरक्षा व्यवस्था कमजोर भयो?' गृहमन्त्री लेखकले चैँ समयमा जानकारी किन नदिएको भन्दै प्रश्न गरे । 'मलाई समयमै किन भन्नुभएन त?' मन्त्री लेखकको भने, 'अब यस्ता घटना दोहोरिन दिइने छैन ।'
कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरले पनि बैठकमा ऊर्जामन्त्रीले आफूमाथि आक्रमण भएको भन्दै सबैलाई सचेत रहन आग्रह गरेका थिए ।
यसरी पार्टीका प्रमुख सचेतकले नै आफ्ना पार्टीका मन्त्रीहरुलाई सचेत रहनु भनेर मन्त्रालयमै पनि मन्त्रीहरु असुरक्षित भएको र जनतामा आक्रोश बढेको संकेत गरेका छन् ।

# मललाई ६० अर्ब चाहिन्छ



**मधेशदृष्टि**
**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी मन्त्री रामनाथ अधिकारीले सरकारले छुट्याएको बजेटले रासायनिक मल अभाव टार्न नसकिने बताएका छन् । पार्टीले गरेको छलफलमा उनले बजेटमा छुट्याइएको रकमले किसानलाई आवश्यक पर्ने रासायनिक मल आयात गर्न नसकिने बताए । सभापति शेरबहादुर देउवा निवासमा शीर्ष तहका नेताहरुसहित कांग्रेसका मन्त्रीहरुको छलफलमा मन्त्री अधिकारीले रासायनिक मलका लागि ६० अर्ब रुपैयाँ आवश्यक भएको बताए । तर सरकाले यो वर्ष २७ अर्ब रुपैयाँ मात्र विनियोजन गरेको छ ।
मन्त्रीको छ महिने कार्यकालमा आफूले गरेका सुधारका कार्य सुनाउने क्रममा अधिकारीले रासायनिक मल आयात गर्न रकमको अभाव हुने बताए । 'साढे पाँच लाख मेट्रिक टन आयात गर्न सकिने अवस्था छ । किसानको माग ११ लाख मेट्रिक टन छ,' मन्त्री अधिकारीले भने, 'सरकारले रकम विनियोजन गर्दा २७ अर्ब ९५ करोड रुपैयाँ मात्रै छुट्याएको छ । किसानले चाहेजति रासायनिक मल उपलब्ध गराउन लगभग ६० अर्ब रुपैयाँ चाहिन्छ ।'मन्त्री अधिकारीले किसानलाई दुधबापत एक अर्ब ५३ करोड रुपैयाँ भुक्तानी गरेको प्रगति सुनाए । उनले उखु किसानलाई रकम उपलब्ध गराएको बताए ।




**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

**पिपरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिपरा, महोत्तरी, मधेश प्रदेश, नेपाल**

# पाँचपटक ठेक्काको म्याद थप, १३ वर्षमा आधा काम

**झापा ।**
हुलाकी राजमार्गको पूर्वी खण्ड झापा जिल्लाअन्तर्गत पर्ने झापा गाउँपालिका वडा नम्बर २ र गौरीगञ्ज गाउँपालिका वडा नम्बर १ जोड्न कन्काई पुलको निर्माण विगत १३ वर्षदेखि अलपत्र परेको छ ।

विसं २०६८ मा निर्माण सम्झौता भएको पुल हालसम्म पनि नबन्दा यहाँका स्थानीय बासिन्दाले सास्ती बेहोर्न परेको छ । यो पुल निर्माण सम्पन्न भएको भए झापा जिल्ला कोशी प्रदेश राजधानी विराटनगरबीचको यातायात सहज हुने थियो । यो पुल निर्माण सम्पन्न नहुँदा यस क्षेत्रको व्यापार व्यवसाय तथा पर्यटन प्रवद्र्धनमा समेत असर परेको छ ।

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय इटहरीका अनुसार २०६८ जेठ ३० गते चार वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण कम्पनीलाई ठेक्का दिएको थियो । २०७२ को जेठ २९ मा काम सक्नुपर्ने समयसीमा तोकिएको भए पनि, हालसम्म पुलको ५८ प्रतिशत भौतिक प्रगति भएको छ । पाँच पटकसम्म ठेक्काको म्याद थप गरिए पनि निर्माणमा गति आउन नसकेको कार्यालयका सूचना अधिकारी समेत रहेका इञ्जिनियर प्रभात किरण राईले जानकारी दिए । उनका अनुसार पाँचौँ पटक थप भएको म्याद २०८० सालको असारमा सकिएको थियो ।

पुल निर्माणको काममा प्राविधिक त्रुटि देखिएपछि कार्यालयको अनुरोधमा पुल्चोक इञ्जिनियरिङ क्याम्पसको विशेषज्ञ टोलीले अध्ययन गरी सुझावसहितको प्रतिवेदन बुझाएको छ । प्रतिवेदनअनुसार देखिएका समस्याको समाधान गरी काम अगाडि बढाउन पटक–पटक निर्देशन दिइए पनि निर्माण कम्पनी काम शुरूआत नगरेको इञ्जिनियर राईले बताए । उनका अनुसार अझै पनि काम शुरू गर्न आनाकानी गरिराख्ने हो भने ठेक्का रद्द गरी नयाँ प्रक्रिया अगाडि बढाउने तयारी भइरहेको छ ।



**स्थानीय समस्यामा**
पटक–पटक मुख्यमन्त्री, निर्माण व्यवसायीलगायत सम्बन्धित क्षेत्रमा पहल गर्दा कुनै सुनुवाइ नभएको सोही क्षेत्रबाट कोशी प्रदेशसभा सदस्य लखीकुमारी गणेशले बताए । 'लागत अनुमान अनुसार पुल निर्माणको काम नभएकाले अहिले आएर काम रोकिएको भन्ने बुझिएको छ,' उनले भने, 'अहिलेको ठेक्का प्रक्रिया रोकी पुनः ठेक्का प्रक्रिया अगाडि बढाउँदै अझै धेरै समय लाग्ने हुँदा पुरानोबाट नै लागत अनुमानअनुसार काम गराई पुल निर्माण सम्पन्न गर्नुपर्छ ।'विगत १३ वर्षमा थुप्रै सरकारका निर्माण भए, प्रधानमन्त्री भए, मन्त्री भए तर चार वर्षमा निर्माण सम्पन्न गर्नुपर्ने पुल निर्माणको काम अझै पूरा हुन नसकेकोमा गौरीगञ्ज–१ का स्थानीय टङ्कप्रसाद श्रेष्ठले दुःख व्यक्त गरे । 'अहिले पुल निर्माण क्षेत्रबाट निर्माण कम्पनीले आफ्ना सामान लगिसकेको अवस्था छ, अब कन्काई पुल निर्माण सम्पन्न होला र पुलमा यात्रा गरौँला भन्ने आश नै म¥यो,' श्रेष्ठले भने ।

पुल बन्दाबन्दै के कारण विगत एक वर्षदेखि रोकिएको हो थाहा जानकारी नै नभएको झापा गाउँपालिका वडा नम्बर २ का वडाध्यक्ष हिमालकुमार चाम्लागाईले बताए । 'यो पुल निर्माण सम्पन्न गर्न पटक–पटक सम्बन्धित निकायलाई अनुरोध गर्दा समेत सुनुवाइ हुन सकेको छैन,' उनले भने, 'दैनिक हजारौँले आवतजावत गर्ने हुलाकी सडकमा यो पुल छिटो बनेमा सेवाग्राही लाभान्वित हुनेछन् ।'

लामो समयसम्म पनि कन्काई नदीमाथि पुल निर्माण सम्पन्न नभएपछि यहाँबाट आवतजावत गर्ने मानिसहरु जोखिम मोलेर यात्रा गर्न बाध्य छन । गौरीगञ्ज गाउँपालिकाले बर्खायाममा डुङ्गा सञ्चालनका लागि दुई लाख ३० हजारमा ठेक्का दिएको वडा नम्बर १ का वडाध्यक्ष कार्तिकलाल राजवंशीले बताए । उनका अनुसार उक्त ठेक्का लिने व्यक्तिले नै आफ्नै पहलमा हिउँद याममा बाँसको पुल निर्माण गरी मोटरसाइकल तथा पैदलयात्री तार्ने काम भइरहेको छ ।

ठेक्का लिएका ईश्वर माझीका अनुसार कन्काई नदी तार्न बनाइएको पुल तार्न मोटरसाइकललाई एकतर्फी ५० रुपैयाँ र पैदल यात्रीलाई २० रुपैयाँ लाग्ने गरेको छ । यात्रालाई सहज बनाउन पुल निर्माण गरी सेवा दिइरहेको माझीले बताए । यो बाटो भई यात्रा गर्ने पैदलयात्री तथा मोटरसाइकल यात्रीले शुल्क उठाउने विषयमा विरोध गर्दै आएका छन् । विरोध बढ्दै गएपछि गाउँपालिकाले बाँसको पुलमा यात्रा निःशुल्क गर्ने विषयमा संवाद भइरहेको गौरीगञ्ज–१ का अध्यक्ष राजवंशीले बताए । रासस

# खुम्बु क्षेत्रमा हेलिकप्टर उडानका लागि पूर्ण सुरक्षा माग

**काठमाडौँ ।**
वायुसेवा सञ्चालक सङ्घले पूर्ण सुरक्षाको प्रत्याभूति नभएसम्म सोलुखुम्बु क्षेत्रको हवाई उडानमा समस्या आउनसक्ने जनाएको छ । सङ्घका अध्यक्ष मनोज कार्कीले खुम्बु क्षेत्रमा हेलिकप्टर उडानमाथिको प्रतिबन्ध कायमै रहेको भन्दै माघ ९ गतेसम्ममा पूर्ण सुरक्षाको प्रत्याभूति नभएसम्म सोलुखुम्बु जिल्लाभित्र सम्पूर्ण हवाई सेवाहरु पूर्ण रुपमा स्थगन गर्नुपर्ने अवस्था आउने बताए ।

खुम्बु पासाङल्हामु गाउँपालिका र अन्य सम्बद्ध पक्षसँग सर्वपक्षीय छलफल, संवाद, समन्वय र सहकार्य गरी समस्याको समाधान गर्न सङ्घ प्रतिबद्ध रहेको सङ्घले जनाएको छ । हेलिकप्टर उडानमा लगाएको प्रतिबन्धले वायुसेवा सञ्चालन कम्पनीहरुलाई ठूलो आर्थिक नोक्सानी हुने भन्दै सङ्घले यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नकारात्मक असर पर्ने उल्लेख गरेको छ ।

हिमाल अवलोकन तथा पर्वतारोहणका लागि नेपाल आउनेलगायतका पर्यटकले आफ्नो गन्तव्य परिवर्तन गरी अन्य मुलुकतर्फ जाने भएकाले सङ्घले निर्वाद उडान सञ्चालनको माग गरेको छ । त्यसो नभए कोभिड महामारीपछि विस्तारै लयमा फर्किएको पर्यटन व्यवसाय नै धाराशायी हुनुका साथै विदेशी मुद्रा आर्जन तथा राजस्वमा असर पर्ने सङ्घको भनाइ छ ।

राष्ट्रिय निकुञ्ज, नेपाल नागरिक उड्डयन प्राधिकरण र यस सङ्घको अनुरोध समेतलाई हवाई सेवा सञ्चालनका सम्बन्धमा कानूनले प्रत्यायोजन नगरेको अवस्थामा गाउँपालिकाले प्रचलित कानूनको उल्लङ्घन गरी हेलिकप्टर सेवा सञ्चालन माथि पुस २५ गते जारी गरेको विज्ञप्तिप्रति सङ्घको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सगरमाथा राष्ट्रिय निकुञ्ज, खुम्बु पासाङल्हामु गाउँपालिकालगायत अन्य स्थानीय युवा समूह तथा सङ्घसंस्थाहरुले निकुञ्जको बफर जोनमा हेलिकप्टर उडान तथा अवतरणका कारण निकुञ्जको वन, वातावरण तथा वन्यजन्तुको सुरक्षा तथा बासस्थान संरक्षणमा चुनौती थपिएको भनेपछि सङ्घले गत पुस १७ गतेदेखि हेलिकप्टर उडानमा प्रतिबन्ध लगाउने घोषण गरेको थियो ।

नेपालमा हवाई सेवा नियमन गर्ने निकायले हवाई सेवा रोक्न नपर्ने लिखित निर्देशन दिँदा यस सम्बन्धमा ती निकायसँग सङ्घका पदाधिकारीले पटकपटक वार्ता गर्दा पनि कुनै निक्र्यौलमा पुग्न नसकेको र हाल खुम्बु क्षेत्रका हेलिप्याडमा अवरोध सृजना गरिएको सङ्घले विज्ञप्तिमा उल्लेख गरेको छ । रासस

# चालकको लापरबाही, तीव्रगति र मापसेले दुर्घटना

**दाङ ।**
पुस २४ गते तुलसीपुर बजारबाट बसपार्कतर्फ जाँदै गरको लुम्बनी प्रदेश ०२००१ ख ००४४ नम्बरको बसको ठक्करबाट तुलसीपुर उपमहानगरपालिका–५ की ३९ वर्षीया तिर्सना घर्ती मगरको मृत्यु भयो । बाटो काट्ने क्रममा बसले ठक्कर दिएपछि उनको घटनास्थलमै मृत्यु भयो ।

दुर्घटनापछि आक्रोशित स्थानीय र आफन्तले एक दिन तुलसीपुरमा बजार बन्द गराए । प्रहरी प्रशासन, यातायात व्यवसायी र पीडितपक्षबीच सहमति भएपछि मृतकका परिवारलाई सरकारले बिमाबापत उपलब्ध गराउँदै आएको पाँच लाख रुपैयाँ रकममा समितिले साढे दुई लाख रकम उपलध गराउने र मृतककी एक छोरीलाई कक्षा १२ सम्म निःशुल्क पठाउने जिम्मा राप्ती त्रिशिद्देश्वरी यातायात प्रालिले लिने सहमति भयो । दुर्घटनामा संलग्न बसका चालक हाल इलाका प्रहरी कार्यालय तुलसीपुरको थुनुवा कक्षमा छन् ।

त्यस्तै कात्तिक २२ गते गते तुलसीपुरबाट सल्यानको कपुरकोटतर्फ गइरहेको रा१ज ४३८ नम्बरको जीप तुलसीपुर उपमहानगरपालिका–४ श्रीखोलामा भएको दुर्घटनामा परी चारजनाको घटनास्थमै मृत्यु भयो । दुर्घटनामा आठ जना गम्भीर घाइते भए । मृतक सबै सल्यानको कपुरकोट गाउँपालिका–३ का एकै गाउँका थिए । त्यसैगरी साउन १६ गते घोराहीबाट बेसाहीतर्फ गइरहेको रा३प २९१२ नम्बरको मोटरसाइकलले घोराही उपमहानगरपालिका–७ को बेसाहीमा तीनवटा साइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक सोही ठाउँका १६ वर्षीय रितेष केसी र मोटरसाइकलमा सवार घोराही–७ कै ४४ वर्षीय गङ्गा कुँवरको घटनास्थमा मृत्यु भयो । मोटरसाइकल चालक र अन्य दुईजना साइकल गम्भीर घाइते भए ।

यी तीन वटै दुर्घटनामा प्रहरीको गहन अनुसन्धानले जीप दुर्घटनाको मुख्य कारण यान्त्रिक गडबढी र चालकको कमजोरी भएको निष्कर्ष निकाल्यो । मोटरसाइकलले ठक्कर दिनुको कारण चालकले मादक पदार्थ सेवन गरी तीव्रगतिमा सवारी चलाएको प्रहरीको अनुसन्धानले निष्कर्ष निकाल्यो ।

चालु आर्थिक वर्षको पुससम्म जिल्लामा एक सय सात वटा सवारी दुर्घटनाका घटना भएका छन् । ती सवारी दुर्घटनामा परी ४७ जनाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी निरीक्षक राजेश शाहीले जानकारी दिए ।

उनका अनुसार दुर्घटनामा परी ८० जना गम्भीर घाइते र ६४ जना सामान्य घाइते भएका छन् । गत आवको सोही अवधिमा जिल्लामा ६५ वटा सवारी दुर्घटनाका घटनामा २५ जनाको ज्यान गएको थियो । ती दुर्घटनामा ८१ वटा सवारीसाधन संलग्न रहेकामा सबैभन्दा बढी दुर्घटना हुने सवारी साधनमा मोटरसाइकल ४१ वटा, बस सात, ट्र्याक्टर सात जीप तथा कार चार छन् ।

त्यस्तै, टेम्पो तथा अटोरिक्सा सात, ट्रक चार, ट्रिपर दुई, माइक्रोबस चार, साइकलक पाँच, डोजर एक वटा अन्य वटा रहेका छन् । त्यस्तै आर्थिक वर्ष २०७८–७९ मा दाङमा दुई सय तीन वटा सवारी दुर्घटना हुँदा ९५ जनाको मृत्यु भएको थियो । जिल्लामा सवारी दुर्घटनाका घटना बढ्न थालेपछि ट्राफिक प्रहरीले सडक सुरक्षा तथा ट्राफिक नियम सम्बन्धमा सचेतनामूलक कार्यक्रम पनि गर्दै आएका छन् ।

दुर्घटना न्यूनीकरणका लागि लमही–भालुवाङ सडकमा टाइम कार्ड शुरू गरिएको छ । तर पनि सवारी दुर्घटनाका घटना दिनहुँजसो भइरहेका छन् । अनुसन्धानक्रममा दुर्घटना बढ्नुको प्रमुख कारणमा तीव्र गति, मादकपदार्थ सेवन नै रहेको छ । त्यसबाहेक चालकको लापरबाही, यात्रुको गल्ती, सडकको दूरावस्थाका, यान्त्रिक गढबढी पनि कारक हुने गरेको ट्राफिक प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी निरीक्षक शाहीले बताए । रासस

# सातै प्रदेशमा पुग्यो एचपिभी खोप

**काठमाडौं ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले किशोरीलाई लगाइने पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खाप सातवटै प्रदेशमा पठाएको छ ।

'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा खोप नेपाल आएपछि सबै प्रदेशमा पठाइएको स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा. पवनजङ्ग रायमाझीले जानकारी दिए । उनले सबैँ १७ लाख ७० हजार २० मात्रा खोप नेपाल आइसकेको बताए ।

निर्देशक डा. रायमाझीका अनुसार गाभीले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउन एचपिभी खोप निःशुल्क उपलब्ध गराएको हो । सङ्घीय सरकारले माघ २२ देखि फागुन ६ गतेसम्म देशभरि कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई खोप लगाइने जनाएको छ ।

**कुन प्रदेशमा कति खोप**
महाशाखाका निर्देशक डा. रायमाझीले कोशी प्रदेशमा दुई लाख ७५ हजार एक सय ८० मात्रा, मधेशमा तीन लाख ८० हजार चार सय ६०, बागमती हेटौँडाका लागि एक लाख २५ हजार आठ सय, बागमती भक्तपुरका लागि दुई लाख १८ हजार दुई सय ८० मात्रा पठाइसकिएको जानकारी दिए ।

गण्डकी प्रदेशमा एक लाख ३० हजार आठ सय ७० मात्रा, लुम्बिनीमा दुई लाख ९८ हजार नौ सय १० मात्रा, कर्णालीमा एक लाख २४ हजार चार सय मात्रा र सुदूरपश्चिममा एक लाख ८७ हजार एक सय २० मात्रा खोप पठाइएको छ । प्रदेशले खोपलाई सुरक्षित भण्डारण गर्ने र आआफ्नो जिल्लामा पठाउने उनले बताए ।

खोप एक मात्रा लगाएपछि पुग्ने महाशाखाका निर्देशक डा. रायमाझीले जानकारी दिए । उनका अनुसार नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट हरेक दिन चार जना महिलाको मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमन पापिलोमा भाइरसको सङ्क्रमण रहेकाले त्यसका विरुद्ध खोप लगाउनुपर्ने डा. रायमाझीले बताए । नेपालमा सबैभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर र त्यसपछि स्तन क्यान्सर छ ।

**झापामा ५५ हजार किशोरीलाई एचपीभी खोप लगाइँदै**
झापामा ५५ हजार किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप लगाइने भएको छ । जिल्लाका १५ वटै स्थानीय तहका विद्यालयभित्र र विद्यालय बाहिर रहेका ५४ हजार नौ सय ९९ जना किशोरीलाई एचपिभी खोप लगाइने स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य अधिकृत प्रकाश पाठकले जानकारी दिए । विद्यालयमा रहेका कक्षा ६ देखि कक्षा १० सम्मका किशोरी र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका किशोरीलाई खोप लगाइने उनले बताए ।

जिल्लाका सबै पालिकाका स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखलाई खोपसम्बन्धी आवश्यक तालिम र अभिमुखीकरण दिइएको जनस्वास्थ्य अधिकृत पाठकले बताए । 'खोप अभियानका लागि तथ्याङ्क सङ्कलन, जनशक्ति व्यवस्थापनलगायत काम भइरहेको छ,' उनले भने । झापामा माघ २२ गतेदेखि २९ गतेसम्म एचपिभी खोप अभियान सञ्चालन हुनेछ । रासस

# 'गाउँले शहरमा, वन्यजन्तु बस्तीमा'

**बागलुङ ।**
बागलुङको ग्रामीण क्षेत्रबाट बसाइँसराइ गरी शहरबजार झर्नेको संख्या ठूलो छ । सेवासुविधा र अवसरका कारण बसाइँ सर्दा गाउँ रित्तो बन्दै छन् । वनमाराले खेतबारी ढपक्कै ढाकिएका छन् । वरपरका रूखबिरुवा बढेर गाउँ नै छेकिन थालेको छ । युवा शक्ति विदेश र बालबालिका बजार झर्दा बागलुङका ग्रामीण क्षेत्रमा ज्येष्ठ नागरिक मात्रै बाँकी छन् ।

दशक अगाडिसम्म रमाइला गाउँबस्ती अचेल रित्तिएर उराठलाग्दा छन् । झाडी पलाएर बाटो ढाकिएका छन् । घरसम्म झाडी पलाएपछि अहिले गाउँमा वन्यजन्तुको आतङ्क बढ्दै गएको छ । घरमै बाँदर, ब्वाँसो र स्याल आएर दुःख दिन थालेपछि स्थानीय त्रसित छन् । जिल्लाको गलकोट, जैमिनी, काठेखोला र बरेङका अधिकांश गाउँमा बाँदर आतङ्क बढी छ ।

बाँदरले करेसाबारीमा लगाएका तरकारीदेखि बारदलीमा झुन्ड्याएर राखिएका सामान नष्ट गरिदिने गरेको जैमिनी नगरपालिका–५ का कुलबहादुर थापाले बताए । गाउँमा जनसंख्या कम हुँदै जाँदा बाँदर आतङ्क भने बढ्दै गएको उनको भनाइ छ । पहिले जङ्गलमा मात्रै भेटिने बाँदर, स्याल र अन्य हिंस्रक जन्तु हिजोआज घरमै आएर सास्ती दिने गरेको थापाले दुःखेसो पोखे । 'गाउँमा वन्यजन्तुले धेरै दुःख दिन थाले, बारीमा लगाएको तरकारीदेखि खाद्यबाली बाँदरले सखाप पारिदिन्छ, गोठमा पालेको गाई, बाख्रा र पाठापाठी ब्वाँसोले खाइदिन्छ,' उनले भने, 'कुन बेला मान्छेलाई नै आक्रमण गर्छ भन्ने चिन्ता बढेको छ । यो समस्या बढ्दै गएको छ, बसाइँसराइ गरेर जाने त गइहाल्छन्, गाउँमा बस्नेलाई त सरकारले जोगाइदिनु दिनुपर्‍यो ।'

काठेखोला गाउँपालिका–५ का नन्दराम कँडेलले वन्यजन्तुले बालीनाली खाई दिने र पशुचौपाया मारी दिँदा बर्सेनि लाखौँको नोक्सानी बेहोर्नुपरेको गुनासो गरे । हरेक वर्ष गाउँबाट बागलुङ बजार, पोखरा, काठमाडौँ र चितवन बसाइँसराइ हुने र वन्यजन्तु भने गाउँ पस्ने समस्यालाई रोक्न सरकारले ध्यान दिनुपर्ने र बसाइँसराइ गरेर जानेले घरबारीलाई बाँझो राख्न नपाइने नीति ल्याउनुपर्ने उनको भनाइ छ । गाउँमा विकास हुँदै गए पनि धेरैले शहर रोज्दा गाउँमा वन्यजन्तुको आतङ्क बढ्न थालेको कँडेलले बताए । उनले भने, 'हामीहरू धेरै पीडित बन्यौँ, न गाउँ छोडेर बजार जान सक्छौँ, न गाउँमा ढुक्कले बस्न सकेका छौँ । यसतर्फ राज्यले ध्यान दिनुप¥यो, गाउँमा सबै ठीक छ, वन्यजन्तु व्यवस्थापन रोक्न सके हामी यहीँ खुसी छौँ ।' रासस

**बिहान ५ बजे नै पिडिएफ उपलब्ध**



मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।



**सशस्त्र प्रहरीको विपत् प्रतिकार्य अभ्यास:** सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिबासले बिहीबार विपत प्रतिकार्य अभ्यास गर्दै । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखी को उपस्थितिमा भएको कार्यक्रममा सशस्त्र प्रहरी जवानले भूकम्प, बाढी, डुबान र शीतलहरजस्ता विपतमा गरिने उद्धारको अभ्यास गरेका छन् । तस्बिरः गोपालप्रसाद बराल/रासस

# सुक्खा बन्दरगाहबाट राजस्व सङ्कलन घट्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा २३ अर्ब ३४ करोड ३३ लाख १८ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।
कार्यालयले कूल वार्षिक लक्ष्यको ३८ दशमलव ८७ प्रतिशत मात्रै राजस्व सङ्कलन गर्न सकेको हो । गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा कार्यालयको राजस्व सङ्कलन एक अर्ब ४५ करोड ४१ लाख ७९ हजार रुपैयाँले कमी आएको छ ।
कार्यालयले चालु आवको साउन महिनामा तीन अर्ब ७५ करोड २२ लाख रुपैयाँ राजस्व सङ्कलन ग¥यो ।
त्यस्तै भदौ महिनामा चार अर्ब ६४ करोड ३० लाख रुपैयाँ, असोज महिनामा चार अर्ब ३६ करोड ४५ लाख रुपैयाँ, त्यस्तै कात्तिक महिनामा तीन अर्ब ७९ करोड २९ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको थियो ।
त्यस्तै मङ्सिर महिनामा तीन अर्ब २२ करोड ८४ लाख रुपैयाँ र पुस महिनामा तीन अर्ब ५६ करोड २१ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । कार्यालयले गत आवको छ महिनाको अवधिमा भने २४ अर्ब ७९ करोड ७४ लाख ९७ हजार रुपैयाँ राजस्व सङ्कलन भएको थियो ।

# प्रहरीको प्रगति विवरण सार्वजनिक

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहटले आफ्नो प्रगति विवरण सार्वजनिक गरेको छ । प्रहरीले आर्थिक वर्ष २०८०/०८१ को र २०८१/०८२ को ६ महिनाको तुलनात्मक प्रगति विवरण सार्वजनिक गरेको हो । बिहिवार गत साउनदेखि पुस सम्मको सार्वजनिक गरिएको प्रगति विवरणमा कत्र्तव्य ज्यानका ९ वटा मुद्धा दर्ता भएकोमा ५ वटा फर्छौट भएको थियो ।
जबरजस्ती करणीको १३ वटा मुद्धा दर्ता भएकोमा ६ वटा फर्छौट भएको छ । यस्तै लागूऔषधको १५ वटा मुद्धा दर्ता भएकोमा १४ वटा फर्छौट भएको छ । यस्तै हात हतियार खरखजाना सम्बन्धि ६ वटा मुद्धा दर्ता भएकोमा ५ वटा फर्छौट भएको छ । त्यस्तै चोरी सम्बन्धि मुद्धामा ३८ वटा मुद्धा दर्ता भएकोमा ३८ वटै फर्छौट भएको छ । आर्थिक वर्ष २०८१/०८२ को पुस सम्म मुद्रा सम्बन्धि ४ वटा मुद्धा दर्ता भएकोमा सबै फर्छौट भएको छ । प्रहरीले भन्सार चोरी निकासी तर्फ साइकिल १४, मोटरसाइकिल १ सय ८, पिकअप २, स्कार्पियो २, सिटि रिक्सा ४ लाई कार्यवाही गरि २ करोड ४२ लाख ७७ हजार ४ सय ४३ रुपैयाँ राजस्व संकलन गरेको छ भने ६६ जनालाई पक्राउ गरेको छ ।
त्यस्तै ट्राफिक राजस्व संकलन गत चालु आ.व.को पुस सम्म ६८ लाख २४ हजार ५ सय मात्र राजस्व संकलन गर्न सकेको छ । गत आ.व. भन्दा यसपाली राजस्व घटेको हो । त्यसैगरी श्रोत नखुलेको रकम १५ लाख सहित ३ जनालाई नियन्त्रमा लिएको हो । प्रहरीले २१ वटा मोटरसाइकिल र २ वटा चोरीको स्कार्पियो सहित २४ जनालाई पक्राउ गर्न सफल भएको छ । अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा २ सय ६४ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरेको छ ।
यस्तै रौतहट प्रहरीले प्राकृतिक स्रोत सम्बन्धि १ सय १७ दशमलव ८७ क्यूफिट काठ बरामद गरेको छ भने मात्र ३ टेलर बालुवा नियन्त्रणमा लिएको छ । यो अवधीमा २३ वटा सवारीसाधनलाइ पक्राउ समेत गरिएको हो । यस तर्फ राजस्व संकलन ८२ लाख ८ हजार ७ सय गरेको जिल्ला प्रहरी कार्यालय रौतहट गौरले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

# पाँच सय ३१ जनाको निःशुल्क आँखाको शल्यक्रिया

**मधेशदृष्टि**
**चन्द्रपुर ।**
नेपाली सेनाको सहयोगमा रौतहटका विपन्न तथा गरिब परिवारका पाँच सय ३१ जनाको निःशुल्क शल्यक्रिया गरिएको छ । गत पुस २८ गतेदेखि माघ २ गतेसम्म रौतहटको गरुडा–५ शिवनगरमा आयोजित निःशुल्क आँखा शिविरमा पाँच सय ३१ जनाको आँखाको शल्यक्रिया गरिएको हो ।



नेपाल आँखा कार्यक्रम तिलगङ्गा आँखा प्रतिष्ठानको सहकार्य र नेपाली सेना विरदल गण गौरको संयोजनमा आँखाको परीक्षण तथा शल्यक्रिया गरिएको विरदल गणका प्रमुख सेनानी किशोर अधिकारीले जानकारी दिए । शिविरमा तीन हजार पाँच सय १० को आँखा परीक्षण, सहुलियतमा चस्मा प्रदानलगायत सेवा उपलब्ध गराइएको उनले बताए । अधिकारीले शिविरमा चन्द्रपुर, गुजार, राजपुर, गरुडा र गढीमाइ नगरपालिकाका स्थानीयले सेवा लिएका उल्लेख गरे । यसैबीच नेपाली सेनाले चन्द्रपुर–७ मा रहेको जनता आधारभुत विद्यालयमा निमार्ण गरिएको शौचालय विद्यालयलाई हस्तान्तरण गरेको छ । नयाँबस्तीमा रहेको उक्त विद्यालयमा नेपाली सेनाको सहयोगमा निमार्ण भएको चार कोठे शौचालय हस्तान्तरण गरिएको प्रमुख सेनानी अधिकारीले जानकारी दिए ।

# मुसहर बालबालिकाहरुलाई न्यानो कपडा वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
गैरसरकारी संस्था रोटरी क्लब अफ वीरगञ्ज पर्साले पर्साको पकहाँमैनपुर गाउँपालिका वडा नम्बर–४ खेस्राहामा रहेका ३ सय मुसहर बालबालिकाहरुलााई न्यानो कपडा वितरण गरेको छ । रोटरी क्लब अफ वीरगंज पर्साका अध्यक्ष निर्मल खत्रीका अनुसार कठांग्रिदो जाडोबाट प्रभावित ३ सय मुसहर बालबालिकालाईट्र्याकसुट र टोपी लगायतको न्यानो कपडा वितरण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि एवम् पर्सा प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, पर्साका प्रहरी उपरीक्षक कुमोध ढुंगेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल लगायत जिल्ला विपद व्यावस्थापन समितिका पदाधिकारी सदस्यहरुकै उपस्थितिमा संस्थाले राहत स्वरुप न्यानो कपडा वितरण गरेको हो । रोटरी क्लब अफ वीरगंज पर्साका अध्यक्ष खत्रीको कार्यकालमा रोटरी क्लब अफ वीरगंज पर्सा सामाजिक कार्यमा निकै नै सक्रियता देखाएकामा प्रमुख जिल्ला अधिकारी अर्यालले खुशी व्यक्त गरे । उनले यस्ता कार्यलाई निरन्तरता दिन आग्रह समेत गरेका थिए । कार्यक्रममा रोटरी क्लब अफ वीरगंजका सचिव राकेश मिश्रा, वडा अध्यक्ष ढेडी प्रसाद यादव, सशस्त्र प्रहरी बिओपी लहावरथकरीका ईन्चार्ज सशस्त्र प्रहरी नायव उपरीक्षक द्रोण ढकाल, रोटरी क्लबका आयुस गुप्ताको उपस्तिथि रहेको थियो ।

# पर्साका प्रहरी कार्यालयको विभिन्न शाखाको निरीक्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरी प्रदेश कार्यालय धनुषाका कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सुरेन्द्र बहादुर गुरुङ्गको नेतृत्वमा रहेको निरीक्षण टोलीले बिहीबार पर्सा जिल्ला प्रहरी कार्यालय, वीरगंजको विभिन्न शाखाहरुको निरीक्षण गरेको छ । निरीक्षण टोलीले पर्सा जिल्ला प्रहरी कार्यालयको अपराध अनुसन्धान तथा कारवाही शाखा, सूचना संकलन तथा विश्लेषण शाखा, हिरासत कक्ष, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, उजुरी तथा छानबिन शाखा, अनुचित लेनदेन (मिटर ब्याज) शाखा र नागरिक सहायता कक्षको समेत निरीक्षण गरेको थियो । निरीक्षण क्रममा प्रहरी वरिष्ठ उपरीक्षक गुरुङ्गले सुधार गर्नु पर्ने पक्षहरुलाई औँल्याएर अनुसन्धानका प्रक्रियाहरु, विभागीय नीति निर्देशनहरूको कार्यान्वयनको अवस्था र त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन दिएका छन् ।

# चपाकल र शैक्षिक सामग्री वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
उपकार सेवा नेपालले जगरनाथपुर–३ बडगोलाई १ सेट खानेपानीको लागि चापाकल (धारा) र शैक्षिक सामग्री वितरण गरेको छ । जगरनाथपुर–३ स्थित श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय बडगोलाई संस्थाकीअध्यक्ष विद्या कुमारी सरावगीले धाराको जडान गरी बिहीबार उद्धाटन गरेकी हुन् । विद्यालयमा अध्ययनरत १ सय जना छात्रछात्राहरुलाई कापी, सिसाकलम, कटर लगायतका शैक्षिक सामग्री पनि वितरण गरेकी छन् । विद्यालय स्थापना भएको करिब २५ बर्ष बिति सक्दा पनि खानेपानीका लागि धारा जडान भएको थिएन ।

# दुर्गाभगवतीमा आर्थिक अनियमितता तथा भ्रष्टाचार भएको भन्दै उजुरी

**मधेशदृष्टि**
**रौतहट ।**
प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा रौतहटको दुर्गाभगवती गाउँपालिकामा आर्थिक अनियमितता तथा भ्रष्टाचार भएको भन्दै उजुरी परेको छ । स्थानीय लालबाबु महतोले पालिकामा भइरहेको आर्थिक अनियमितता तथा भ्रष्टाचारमा संलग्नमाथि आवश्यक छानबिन गरी कारबाही गर्न समितिमा उजुरी दिएका हुन् । महतोले समितिमा दिएको उजुरी बिहीबारको समितिको बैठकमा उपस्थित सांसदहरूलाई वितरण गरिएको छ । गाउँपालिका कार्यालय र वडा नम्बर ३ को कार्यालयले विभिन्न गैरकानुनी कार्य गरेको, व्यापक अनियमितता एवं भ्रष्टाचारजन्य कार्य गरी सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको महतोले दिएको उजुरीमा उल्लेख छ । पालिकामा भइरहेको आर्थिक अनियमितता र भ्रष्टाचाका बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिइएको भए पनि अहिलसम्म कुनै कारबाही नभएको उजुरीमा उल्लेख छ । उजुरीकर्ताहरूमाथि नै पछिल्लो समय विभिन्न धाकधम्की आउने गरेकोले असुरक्षाको अवस्था सिर्जना भएको भन्दै महतोले पालिकाका सम्बन्धित व्यक्तिलाई समितिमा झिकाएर आवश्यक छानबिन गरी कारबाही गर्न माग गरिएको छ । सामाजिक सुरक्षाभत्ता वितरण, शिक्षक नियुक्ति, विकास निर्माणको टेन्डर प्रक्रिया लगायतमा आर्थिक अनियमितता भएको उजुरीमा उल्लेख छ ।

# कोल्हवीमा स्वास्थ्य केन्द्रको भवन उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कोल्हवी नगरपालिका वडा नं. ७ को कार्यालय भवनको प्राङ्गणमा रहेको स्वास्थ्य सेवा केन्द्र धोधरपाको नव निर्मित भवनको उद्धघाट्न भएको छ ।
कोल्हवी नगरपालिका अध्यक्ष सलाउद्दिन अन्सारीको अध्यक्षतमा भएको कार्यक्रममा नगरप्रमुख रामप्रसाद चौधरीले भवनको उदघाट्न गरेका हुन् । कार्यक्रममा स्वास्थ्य चौकीको कर्मचारीहरू, वडाका कर्मचारीहरूका साथै स्थानीयको उपस्थिती रहेको थियो ।

# वनका कर्मचारीलाई तालिम

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्लास्थित डिभिजन वन कार्यलयले वनसँग जोडिएका मुद्दालाई त्रुटिरहित बनाउन कर्मचारीलाई तालिम दिन शुरु गरेको छ । लहानमा आयोजित तीन दिने 'कानुनी कार्यविधि' तालिमको बिहीबार जिल्ला अदालत सिरहाका न्यायाधीश माधवप्रसाद मैनालीले उद्घाटन गरेका हुन् । न्यायाधीश मैनालीले वनसँग जोडीएका मुद्दालाई त्रुटिरहित बनाउन तालिमले सहयोग पु¥याउने विश्वास व्यक्त गरे । 'कतिपय कानुन वन ऐनमा व्यवस्था नभएको हुन सक्छन् । त्यसबेला वन ऐनबाहेक सामान्य कानुन आकर्षित हुन्छन्', उनले भने, 'काम गर्ने क्रममा हुनसक्ने अप्ठ्यारा फुकाई सहज र सरल बाटो पहिचान गर्न यस तालिम फलदायी हुन्छ भन्ने विश्वास




लिएको छु ।' अदालतमा मुद्दा दायर गर्दा हुने कमीकमजोरीका सम्बन्धमा प्रष्ट पार्ने उद्देश्यले तालिम आयोजना गरिएको जिल्ला डिभिजन वन कार्यलयका प्रमुख शैलेन्द्रकुमार मिश्रले जानकारी दिए । उनले आमनागरिकबीच वन कार्यालयप्रति विश्वास कायम राखिराख्न र सम्भावित कानुनी त्रुटिलाई न्यूनीकरण गर्न तालिम उपयोगी हुने विश्वास व्यक्त गरे । सिरहामा एउटा डिभिजन वन कार्यालय र छ वटा सव–डिभिजन वन कार्यालय छन् । डिभिजन वन कार्यलयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार कानुनी तालिमको प्रशिक्षण जिल्ला अदालत सिरहाका न्यायाधीश, रेक्टर तथा इलाका प्रहरी कार्यालय लहानका अधिकृतले दिनेछन् । डिभिजन वन कार्यालयसहित सव–डिभिजन वन कार्यालय बन्दीपुर, सिरहा, मिर्चैया, चोहर्वा, धनगढीमाई र लहानका गरी २७ जना कर्मचारी तालिममा सहभागी भएका छन् ।

# नाबालिकाको शव फेला

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीमा गाडिएको अवस्थामा एक नाबालिकाको शव भेटिएको सप्तरी प्रहरीले जनाएको छ । सप्तरीको राजविराज नगरपालिका १५ स्थित खाँडो खोलामा गाडिएको अवस्थामा अन्दाजी डेढ वर्षीया बालिकाको शव भेटिएको प्रहरीले जनाएको हो । गाडीएको शवको जनावरले हात र खुट्टा खाइसकेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । उनले यस सम्बन्धमा थप अनुसन्धान भइरहेको बताए ।

सम्पादकीय

# बहुदरमाइको समस्यामा किन बेवास्ता ?

*पुस ५ गते कार्यालयमा आगजनी भएको पर्साको बहुदरमाई नगरपालिका कार्यालयलाई सहजरुपमा सञ्चालनको प्रयास नहुँदा जनता आफ्नो स्थानीय सरकार खोजिरहेका छन् । जनप्रतिनिधि जनताको सेवा गर्न पाइरहेका छैनन् । कार्यालय जलेपछि ६ महिनादेखि कार्यालयमातहत जागिरे सबैले तलब पाएका छैनन् । उनीहरुको घरपरिवार नै अस्तव्यस्त भएको छ । अरु त अरु नेपाल शिक्षक महासंघ पर्साले समेत प्रेस विज्ञप्ति जारी गरेर बिहीबार र शुक्रबार ४ घण्टी पढाएर बाँकी समय नपढाउने र शिक्षक, कर्मचारीको तलब दिने मामलामा नगरपालिका गम्भीर नबने आइतबार सबै विद्यालयमा तालाबन्दी गरेर साँचो पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ)लाई राख्न दिने घोषणा गरेको छ।*

*पर्साका सिडिओले पनि नगरपालिकालाई आइतबार नै पत्र लेखेर कर्मचारी, शिक्षकको तलबभत्ता तत्काल व्यवस्था गर्न भनेको आज ६ दिन भइसकेको छ । तर स्थानीय सरकार अधिकारसम्पन्न भइरहँदा सिडिओको पत्रको के वास्ता हुन्छ र ? अर्कातिर स्थानीय सरकार निरीह हुँदा पनि सिडिओको पत्रले स्थानीय तह जुरुक्क उठ्न नसक्दो रहेछ । केन्द्र सरकारको प्रतिनिधिले पत्र लेखेर अनुरोधसम्म गर्ने हो । तलब भत्ता खुवाउने काम त नगरपालिकाकै हो, नगरपालिकाको बेथितिबारे सिडिओ अफिसमा थाहा नहुने को नै होलान् र ? सिडिओले पनि औपचारिकता पूरा गरेका हुन् । बाँकी समस्या तपसिलमा ज्युँका त्युँ छदैँछ।*

*पर्साको बहुदरमाई नगरपालिकामा राजनीतिक खिचातानी त थियो नै । कर्मचारी संयन्त्र पनि राजनीतिक इशारामा नाच्न थालेपछि यस्तो भएको हो। दुई वर्ष काम गरेका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेर मुस्तफा र नगर प्रमुख सिंगासन साह तेलीबीच समन्वय नहुँदा समस्या भएकै थियो । बहुदरमाईकै राजनीतिज्ञ राजकुमार गुप्ता, जो यो यो मुलुकमा कर्मचारी सरुवाबढुवा गर्ने मख्यालय संघीय मामिला तथा सामान्य प्रशासनमा मन्त्री छन्, उनले नै नगरप्रमुखले भनेको भरमा प्रमुख प्रशासकीय अधिकृत सरुवा हुन्न, बहुमतको पत्र लिएर आउनुहोस् भनिदिएपछि सरुवा गरिन लागेका प्रमुख प्रशासकीय अधिकृतसँग नगरप्रमुखको चाँजोपाँजो नमिल्ने नै भयो।*

*यसमाथि मन्त्रीकै इशारा पाएपछि स्थानीय कर्मचारीले जनप्रतिनिधिलाई टेर्दैनन् भन्ने हेर्न बहुदरमाई नै पुग्न पर्दैन, मधेशका अन्य स्थानीय तहमा पनि यस्ता समस्या बग्रेल्ती छन् । जहाँ त्यहाँका स्थानीय नेता केन्द्रमा पहुँच राख्छन्, तर स्थानीय तहमा अर्को पार्टीले जितेको छ भने उनीहरुले पक्कै यस्तै प्रतिशोधको राजनीति गरेर जित्नेलाई दुःख दिनु नै राजनीतिमा धर्म हो भन्ने राम्ररी बुझेका छन् । यसैले बहुदरमाईको समस्या गौण बनेको हो।*

*समस्या बहुदरमाईको हो । तर समस्या स्थानीय तहमा राजनीति गर्नेहरुको हो । राजनीतिक प्रतिशोध देखाउनेहरुको हो । कर्मचारीले चाहे भने कसरी पालिका र नेतृत्व फनफनी घुम्छ भन्ने देखाउन होडबाजी गर्ने स्थायी सरकार अर्थात् कर्मचारीतन्त्रको हो । शिक्षक र कर्मचारीले स्थानीय तहबाट तलब नपाउँदा कसरी उनीहरुको घरपरिवार अस्तव्यस्त हुन्छ, यसपटक बहुदरमाईको घटनाले भन्छ, अपरिपक्व स्थानीय तहका कारण कर्मचारी संयन्त्र अरु भाँडभैलोमा जान्छ कि ? स्थानीय सरकारलाई कर्मचारी पाल्ने र राख्ने अधिकार दिंदा त्यसको नेतृत्व कस्तो छ भनेर जाँच गर्नु पर्ने सन्देश गएको छ । अर्कातिर जितेकालाई नपत्याउने र काम गर्न नदिनेहरुले सुशासनको चर्का कुरा कम गरे हुने !*

# अर्थतन्त्र समृद्धिको ढोका अनुगमन संयन्त्र



डा. दिनेशचन्द्र देवकोटा

अर्थतन्त्रका उत्पादन, लगानी, उपभोग, बचत, रोजगारी, आम्दानीको अवस्थालाई जनाउने क्षेत्र वास्तविक क्षेत्रको नामले चिनिन्छ । अर्थतन्त्रको आकार र यसमा भएको वृद्धिले अर्थतन्त्रको अवस्थालाई जनाउँछन् । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०ः८१ मा नेपालको अर्थतन्त्रको आकार ५७ खर्ब चार अर्ब ८४ करोड रुपैयाँ पुग्ने प्रारम्भिक अनुमान छ । गत आव २०७९÷८० मा अर्थतन्त्रको आकार ५३ खर्ब ४८ अर्ब रुपैयाँ रहने संशोधित अनुमान छ भने आव २०७८÷७९ मा अर्थतन्त्रको आकार ४९ खर्ब ७६ अर्ब रुपैयाँ रहने अन्तिम विवरण सार्वजनिक भएको छ।

त्यसैगरी आव २०८०÷८१ को आर्थिक वृद्धिदर (जिडिपी वार्षिक वृद्धिदर) आधारभूत मूल्यमा ३.५४ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । आर्थिक वृद्धिदर आव २०७९÷८० मा आधारभूत मूल्यमा २.३ प्रतिशत र उपभोक्ताको मूल्यमा १.९५ प्रतिशत हुने संशोधित अनुमान छ । अन्तिम तथ्याङ्क अनुसार आव २०७८÷७९ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ५.२८ प्रतिशत र उपभोक्ताको मूल्यमा ५.६३ प्रतिशत कायम गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८१ असोज ३० गते प्रकाशित गरेको तथ्याङ्क अनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादन अघिल्लो आर्थिक वर्ष २०७९÷८० को चौथो त्रैमासिकको तुलनामा आव २०८०÷८१ को चौथो त्रयमासमा आधारभूत मूल्यमा २.१ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ । यो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा कृषि उत्पादनमा भएको वृद्धि तथा पर्यटन आगमनमा भएको वृद्धिसँगै होटल क्षेत्रको कुल मूल्य अभिवृद्धिमा भएको बढोत्तरी प्रमुख कारक रहेका छन् । यस अतिरिक्त व्यापार क्षेत्रमा भएको वृद्धि, यातायातमा भएको वृद्धि, सार्वजनिक प्रशासनमा भएको वृद्धिले समग्र अर्थतन्त्र सकारात्मक वृद्धितर्फ उन्मुख रहेको हो । साथै, आव २०७९÷८० सम्म मुलुकको बेरोजगारी दर ११.४ प्रतिशत रहेको पाइन्छ।

सरकारी क्षेत्र

सरकारी क्षेत्र (बजेट) २०८१ जेठ १५ गते नेपाल सरकारले सङ्घीय संसद्मा पेश गरेको आव २०८१÷८२ को बजेटमा कुल खर्च १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ, चालु खर्च ११ खर्ब ४० अर्ब ६६ करोड रुपैयाँ, पुँजीगत खर्च तीन खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ, वित्तीय व्यवस्था खर्च तीन खर्ब ६७ अर्ब २८ करोड रुपैयाँ र राजस्व परिचालन १२ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ, वैदेशिक अनुदान ५२ अर्ब ३३ करोड रुपैयाँ, वैदेशिक ऋण दुई खर्ब १७ अर्ब ६७ करोड रुपैयाँ र आन्तरिक ऋण तीन खर्ब ३० अर्ब रुपैयाँ हुने अनुमान गरिएको थियो।

नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको २०८१÷८२ को कात्तिक महिनाको तथ्याङ्क अनुसार नेपाल सरकारको कुल खर्च चार सय १५ अर्ब २ करोड रुपैयाँ, चालु खर्च दुई सय ९२ अर्ब ५३ करोड रुपैयाँ, पुँजीगत खर्च ३४ अर्ब ५३ करोड रुपैयाँ, वित्तीय व्यवस्था खर्च ८७ अर्ब ९६ करोड रुपैयाँ रहेको छ।

गत आवको सोही अवधिमा नेपाल सरकारको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्च क्रमशः तीन सय ५५ अर्ब ६३ करोड रुपैयाँ, दुई सय ७१ अर्ब १७ करोड रुपैयाँ, २९ अर्ब ९९ करोड रुपैयाँ र ५४ अर्ब ४७ करोड रुपैयाँ रहेको थियो । नेपाल सरकारको गत आवको कुल खर्च र पुँजीगत खर्चको आधारमा चालु आव २०८१÷८२ को कुल खर्च र पुँजीगत खर्चमा बढोत्तरी हुन सुखद पक्ष हो।

त्यसैगरी चालु आव २०८१÷८२ को कात्तिकसम्म नेपाल सरकारको राजस्व आम्दानी तीन सय २३ अर्ब २४ करोड रुपैयाँ पुगेको छ भने गत आव २०८०÷८१ को कात्तिकसम्म नेपाल सरकारको राजस्व आम्दानी दुई सय ७६ अर्ब ६४ करोड रुपैयाँ रहेको थियो । राजस्व आम्दानीको आधारमा सरकारको वित्तीय अवस्थामा सुधार भएको पाइन्छ।

साथै, चालु आव २०८१÷८२ को असोजसम्म नेपाल सरकारले बैदशिक ऋणबापत २१ अर्ब ३२ करोड रुपैयाँ र आन्तरिक ऋणबापत एक खर्ब १५ अर्ब रुपैयाँ प्राप्त गरेकामा गत आव २०८०÷८१ को असोजसम्म वैदशिक ऋणबापत नौ अर्ब ४७ करोड रुपैयाँ र आन्तरिक ऋणबापत ९७ अर्ब ३१ करोड रुपैयाँ प्राप्त गरेको छ । ऋण आम्दानीको आधारमा सरकारको स्रोत यस वर्षको सोही अवधिमा सुदृढ देखिन्छ।

वाह्य क्षेत्र

वाह्य क्षेत्रअन्तर्गत मुलुकको शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिको अवस्था पर्दछ । नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको तथ्याङ्कअनुसार चालु आव २०८१÷८२ को कात्तिकसम्ममा वस्तु निर्यात ५२ अर्ब ६७ करोड रुपैयाँ, वस्तु आयात ५१३ अर्ब ३९ करोड रुपैयाँ र कुल वस्तु व्यापार घाटा ४६० अर्ब ७२ करोड रुपैयाँ रहेकोमा गत आवको कात्तिक मसान्तसम्ममा वस्तु निर्यात ५० अर्ब ५७ करोड रुपैयाँ, वस्तु आयात ५१२ अर्ब ५० करोड रुपैयाँ र कुल वस्तु व्यापार घाटा ४६१ अर्ब ९४ करोड रुपैयाँ रहेको थियो।

गत आवको सोही अवधिको तुलनामा चालु आवमा निर्यात र व्यापार घाटामा सुधार भएको देखिन्छ भने आयातमा झिनो अङ्कले मात्र वृद्धि भएको छ । साथै, चालु आव २०८१÷८२ को कात्तिकसम्ममा विप्रेषण आप्रवाह ५२१ अर्ब ६३ करोड रुपैयाँ, चालु खाता १४३ अर्ब ४२ करोडले वचत, शोधनान्तर स्थिति २०५ अर्ब ८३ करोड रुपैयाँले वचत र विदेशी विनिमय सञ्चिति २२५५ अर्ब ३५ करोड रुपैयाँ रहेको छ।

गत आव २०८०÷८१ को कात्तिकसम्ममा बिप्रेषण आप्रवाह ४७७ अर्ब ९६ करोड रुपैयाँ, चालु खाता ९७ अर्ब १० करोड रुपैयाँले बचत, शोधनान्तर स्थिति १५० अर्ब २४ करोड रुपैयाँले वचत र विदेशी विनिमय सञ्चिति १६९६ अर्ब ७८ करोड रुपैयाँ रहेको थियो । विप्रेषण, चालु खाता वचत, शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिको अवस्था गत आर्थिक वर्षको सोही अवधिभन्दा मुलुकको चालु आर्थिक वर्षमा अझ सुदृढ रहेको छ । मुलुकमा २०८१ कात्तिक मसान्तसम्ममा भएको विदेशी मुद्रा सञ्चितिले १५.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने अवस्था छ।

वित्तीय क्षेत्रको अवस्था

चालु आव २०८१÷८२ को कात्तिकसम्ममा क, ख र ग वर्गका बैँक तथा वित्तीय संस्थाहरुमा कुल ६६ खर्ब ४४ अर्ब २३ करोड रुपैयाँ निक्षेप रहेको छ भने तिनै संस्थाबाट ५९ खर्ब १२ अर्ब ७९ करोड रुपैयाँ कर्जा प्रवाह भएको देखिन्छ । यसबाट के बुझिन्छ भने बैङ्क तथा वित्तीय संस्थाहरुमा अझ पनि लगानीयोग्य साधन लगानी हुन नसकेर थुप्रिएको अवस्था छ । बैँक तथा वित्तीय संस्थाहरुको निक्षेप तथा कर्जाको व्याजदर पनि घटेको अवस्था छ।

बैङ्क तथा वित्तीय संस्थाहरुको निस्क्रिय कर्जाको अवस्था ३.६६ प्रतिशत रहेको छ । हाल निक्षेपको औसत व्याजदर ५.०१ प्रतिशत र कर्जाको औसत व्याजदर ९.०७ प्रतिशत रहेको छ । वित्तीय पहुँचको अवस्था पनि बढिरहको छ । निक्षेप खाता सङ्ख्या, कर्जा खाता सङ्ख्या, डिजिटल बैङ्किङको प्रयोगकर्ताको सङ्ख्या बढिरहेको छ । मुलुकको पूरानो र ठूलो बैँक राष्ट्रिय वाणिज्य बैङ्कको निक्षेपको तुलनामा कर्जा प्रवाहको अवस्था कमजोर रहेको छ।

बैँकको ठूलो लगानीयोग्य साधन निस्क्रिय अवस्थामा रहेको छ । राष्ट्रिय वाणिज्य बैँकको चालु आवको कात्तिकसम्म निक्षेप चार खर्ब २८ अर्ब ८० करोड रुपैयाँ र कर्जा प्रवाह दुई खर्ब ६७ अर्ब १५ करोड रुपैयाँ रहुनुले बैँकको कर्जा प्रवाह कम हुन गई नाफासमेतमा सङ्कुचन हुने देखिन्छ।

अर्थतन्त्र कार्यान्वयन समस्या

नेपाल सरकारको पुँजीगत खर्चमा बढोत्तरी नहुनु, मुलुकको निर्यात क्षमता न्यून र आयात अत्याधिक हुन गई उच्च व्यापार घाटा हुनु, बैंक तथा वित्तीय संस्थाबाट निक्षेप सङ्कलनको तुलनामा कर्जा प्रबाहमा कमी हुनु, मुलुकमा रहेका उद्योग कलकारखाना पूर्ण क्षमतामा नचल्नु, मुलुकको लाखौँको सक्रिय जनसङ्ख्या मुलुकबाहिर रहनुजस्ता कारणले आर्थिक वृद्धिदर उत्साहजनक रहने गरेको छैन । हाम्रो मूल समस्या भनेको नीति, कार्यक्रम तथा बजेट राम्रो आउने तर त्यो कार्यान्वयनचाहि हुने नसक्ने हो।

विदेशी दिएका सहयोग पनि समयमा खर्च हुन सकेको छैन । यता पैसा खर्च हुन नसक्ने, उता जनताले राहत नपाउने विडम्बना छ जसले विकासलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको छ । अहिले नेपालको सबैभन्दा ठूलो अभाव अनुगमनको हो । अझ त्योभन्दा महत्वपूर्ण दण्ड र पुरस्कारको यथोचित व्यवस्थाको अभाव पनि हो।

तसर्थ, अहिले नेपालको चुनौती भनेको पुँजीलाई नेपालमा विकास गर्ने क्रममा पनि गरिब र विपन्न वर्गको पक्षमा काम गर्नसक्ने बनाउदै लैजानुपर्छ । मेगा प्रोजेक्टका लागि ठूलो पुजी र प्रविधि आवश्यक पर्छ । त्यो नेपाल बाहिरबाट पनि लिनुपर्ने हुन्छ । तर, त्यसरी लिंदा बहुराष्ट्रिय संस्था वा कम्पनीहरुको स्वार्थका आधारमा होइन, हाम्रो आवश्यकताअनुसार ल्याउनुपर्छ । समाजवादोन्मुख अर्थतन्त्र भनिरहँदा हामीले नेपाल अब सङ्घीय संरचनामा छ भन्ने भुल्नु हुँदैन।

नयाँ संयन्त्र, समृद्धिको ढोका

नयाँ संविधानमार्फत् २४० वर्षको निरङ्कुश राजतन्त्रात्मक व्यवस्था अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रतात्मक व्यवस्था प्राप्त भएको छ । नयाँ संविधानपछि आर्थिक कार्यक्रमको हकमा नयाँ संविधानले समाजवादोन्मुख अर्थतन्त्र, समाजवादतिर उन्मुखको अर्थ गरिब, विपन्न, अप्ठ्यारोमा परेको, पछाडि पारिएको वर्गको पक्षँमा, महिला तथा अपाङ्गको पक्षमा, केटाकेटी र बृद्धबृद्धाको पक्षमा सामाजिक सुरक्षाका प्रावधानलाई लिएर जाने हो । तर, त्यसलाई अघि लिएर जाँदा मेगा प्रोजेक्टलाई पनि सँगसँगै लैजानुपर्छ।

हामीले छलाङ मार्ने किसिमले काम गर्न सकेनौं भने विकासलाई अगाडि बढाउन सक्दैनौंँ । तसर्थ, खर्च गर्न पनि नयाँ संयन्त्रको विकास गर्न जरुरी छ । हामी सङ्घीय तथा प्रादेशिक संरचनामा छौंँ । नीति, कार्यक्रम तथा बजेटलाई प्रदेश र स्थानीय निकाय अनुसार ढाल्नुपर्छ।

सङ्घीय, प्रदेश र स्थानीय निकायमा रहेका सम्भावनाहरुलाई कार्यान्वयनमा ल्याउने र देखिएका चुनौतीहरुको कुशल व्यवस्थापनमार्फत प्रदेश र स्थानीयको समृद्धिको ढोका खोल्न सक्नुपर्दछ । सदाचारिता, पारदर्शीता र जवाफदेहीताको प्रवद्र्धनमा सरकार लाग्नुपर्ने देखिन्छ । रासस

# मौरीपालनबाट लाभान्वित किसान

दयाराम आचार्य

नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको देवचुली नगरपालिका–९ का विष्णुबहादुर खड्का अचेल मौरीको चरन व्यवस्थापन गर्न र मह काढ्न व्यस्त छन् । दुई वर्षअघि दुई घारबाट मौरीपालन सुरु गरेका उनको हाल २८ घार मौरी रहेका छन्।

यस वर्ष मात्र खड्काले दुईपटक गरी करिब चार सय केजी मह उत्पादन गरेका छन् । अहिले तोरी फुलेको समय भएकाले चाँडो चाँडो मह तयार हुने उनको भनाइ छ । यसबाट खड्काले राम्रो आम्दानी गर्दै आएका छन्।

स्थानीय बजारमा मह प्रतिकिलोग्राम (केजी) सात सयमा बिक्री हुने गरेको छ । थोरै लगानी र थोरै श्रमबाट पनि राम्रो आम्दानी लिन सकिने हुँदा किसानका लागि मौरीपालन व्यवसाय उत्तम भएको उनको अनुभव छ । 'धेरै लगानी गर्नु पनि नपर्ने, मेहनेत पनि थोरै गरे पुग्ने । आम्दानी राम्रो नै हुने रहेछ', खड्काले भने,'मौरीपालन स्वास्थ्य र आम्दानी दुवै हिसाबले ठीक छ।'

देवचुलीकै जसमती रानाले समेत मौरीपालनबाट राम्रो आम्दानी गर्दै आएका छन् । उनले छ वर्षअघि दुई घारबाट सुरु गरेकामा हाल आठ घारमा मौरी पालिरहेका छन् । आफूले वर्षको तीन सय केजीसम्म मह उत्पादन गरी बिक्री गर्ने गरेको रानाले बताए।

फुर्सदको समय सदुपयोग होला भनेर थोरै मात्रमा मौरीपालन गरे पनि यसबाट भएको आम्दानीले घर खर्च चलाउन सहज भइरहेको उनको भनाइ छ । बिक्रीका लागि बजार सुनिश्चित हुने हो भने थप मौरीको पालन गरी राम्रो आम्दानी लिन सकिने रानाले बताए।

नेपाल मौरीपालक महासङ्घ नवलपुरका अध्यक्ष यदुनाथ कँडेलले हाल सबैजसो किसानले मह काढ्ने काम गरिरहेको बताए । उनका अनुसार चरनको राम्रो व्यवस्थापन गर्नेले कात्तिकदेखि र घरमै घार राख्नेले मङ्सिरको अन्तिम साताबाट मह काढ्न थालेका छन् । घरमै घार राख्नेहरूले सामान्यता एक वर्षमा तीनदेखि चार पटकसम्म र बाहिर लगेर मौरीको चरन व्यवस्थापन गर्नेले वर्षमा ६ देखि ८ पटकसम्म मह निकाल्ने गरेका छन्।

नवलपुरको देवचुली, कावासोती, गैँडाकोटमा यस्ता किसान क्रमिक रूपमा बढ्दै गएका छन् । पहाडी क्षेत्रका पालिकामा भने व्यावसायिक रूपमा मौरीपालन अघि बढ्न नसकेको महासङ्घ अध्यक्ष कँडेलले बताए । व्यावसायिक रूपमा मौरीपालन गर्ने किसानलाई व्यावसायिक किट विकास केन्द्र बन्दीपुरले सहयोग गर्दै आएको छ।

किसानले मौरीको चरनका लागि पश्चिममा दाङ र पूर्वमा चितवनसम्म मौरी लैजाने गरेको छन् तर यस व्यवसायमा विषादीको प्रयोग चुनौतीका रूपमा रहेको छ । 'तोरी भएको स्थानमा चरनका लागि लैजाँदा कतिपयले तोरीमा क्षति पुग्छ भन्ने गलत धारणाले गर्दा विषादीको प्रयोग गर्ने गर्छन्, यसले समस्या उत्पन्न हुने गर्छ', अध्यक्ष कँडेलले भने।

तोरी फुल्ने समयमा केही सहज भए पनि अन्य समयमा भने चरनका लागि समस्या हुने गरेको मौरीपालक किसानको भनाइ छ । फूल फुल्ने रैथाने बोटबिरुवा लगाउने क्रम घट्दै जाँदा चरन क्षेत्र साँघुरो हुँदै गएको उनीहरूले जनाकारी दिए।

नेपाल मौरीपालक महासङ्घका अनुसार नवलपुरमा यस वर्ष करिब ७० टन मह उत्पादन हुने अनुमान रहेको छ । महको प्रकृति हेरी सात सयदेखि एक हजारसम्ममा बिक्री हुने गरेको छ । उत्पादन भएको मह स्थानीय बजारबाट खपत हुने गरेको र थप बजारको खोजी र व्यवस्थापनका लागि महासङ्घबाट समेत पहल भइरहेको जनाइएको छ।

महको प्रयोग स्वास्थ्यका लागि लाभप्रद मानिन्छ । पछिल्लो समय मह सेवन स्वास्थ्यका लागि लाभदायक रहेको भन्ने जनमानसमा पर्दै गएकाले महको बजार विस्तार हुँदै गएको महासङ्घका अध्यक्ष कँडेलले बताए । मह जम्ने विषय उपभोक्ताको बुझाइमा फरक पर्दासमेत केही समस्या भएको उनको भनाइ छ । तोरी, चिउरीको मह जम्ने र जमेको मह शुद्ध हुने जानकारहरू बताउँछन् । रासस

# नागरिकका गुनासो र सुझाव लिन मन्त्रीहरुलाई कांग्रेसको निर्देशन

**काठमाडौँ ।**
नेपाली कांग्रेसले पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरुलाई हप्तामा दुई निश्चित दिन खुला भेटघाट गर्ने, नागरिकको गुनासो सुन्ने र सुझाव लिनका लागि निर्देशन दिएको छ ।

कांग्रेस संसदीय दल कार्यसमितिको विहीबार बसेको बैठकले मन्त्रीहरुलाई बाँकी पाँच दिन सम्पूर्ण रुपले आ–आफ्नो मन्त्रालयको काममा केन्द्रित हुनसमेत निर्देश गरेको हो ।

पार्टीका प्रदेश समिति, जिल्ला, क्षेत्र एवं स्थानीय तहमार्फत पार्टी केन्द्रीय कार्यालयमा आउने नागरिकका सुझाव र मागका सम्बन्धमा महिनामा एकपटक पार्टी केन्द्रीय कार्यालयमा फरक दिनमा फरक मन्त्री उपस्थित भएर छलफल गर्न र उपयुक्त सुझाव कार्यान्वयन गर्न पनि बैठकले निर्देश गरेको छ ।

पार्टी सभापति एवं संसदीय दलका शेरबहादुर देउवाको अध्यक्षतामा बूढानीलकण्ठस्थित उनको निवासमा बसेको बैठकले सांसदहरुको सल्लाह, सुझाव र जनताका अपेक्षालाई ध्यानमा राखी कामकारबाही अगाडि बढाउन संसदीय दल कार्यसमिति र मन्त्रीहरुले सदस्यहरुसँग समन्वय गर्ने निर्णय गरेको छ ।

सरकारलाई प्रभावकारी र सफल बनाउन सक्रिय ढङ्गले कार्य गर्न महत्वपूर्ण विषयमा नियमित छलफल गर्न मन्त्रीहरुलाई बैठकले निर्देश गरेको कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिए । यसैगरी संसद्का विषयगत समितिहरुमा विचाराधीन विधेयकलाई टुङ्गोमा पु¥याउन सक्रियता साथ काम गर्न कांग्रेस सम्बद्ध तत् समितिका सभापतिसहितका सांसदहरुलाई पनि निर्देशन दिइएको छ ।

मन्त्रीहरुलाई आ–आफ्नो मन्त्रालयको कार्यक्षेत्रमा रहेका विगतदेखिका भौतिक परियोजना र अन्य कार्यक्रम समयमा सम्पन्न गर्नसमेत निर्देशन दिइएको उनले बताए ।

चालु आर्थिक वर्षको बजेट तथा वार्षिक विकास कार्यक्रममा समावेश भएका तर स्रोत सुनिश्चितताको पर्खाइमा रहेका, बोलपत्र आह्वान हुन नसकेका, निर्माण सुरु भएका तर अपेक्षित गतिमा काम नभइरहेका विकास योजना निर्धारित समयमा सम्पन्न गर्न गराउन आवश्यक पहलकदमीका लागि सम्बन्धित मन्त्रीहरुलाई निर्देशन दिइएको हो ।

साथै कांग्रेस संसदीय दलको विधानबमोजिम अनुशासन समिति गठनका लागि प्रतिनिधिसभा सदस्य दिलेन्द्रप्रसाद बडूलाई संयोजक चयन गर्ने निर्णय गरिएको छ ।बैठकले यही माघ २ गते आफ्नो व्यावसायिक काम सकेर बाहिर निस्कने क्रममा अवाञ्छित व्यक्तिहरुले वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि गरेको साङ्घातिक आक्रमणको निन्दा गर्दै दोषी उपर कडा कारबाही गर्न सरकारसँग आग्रह गरेको छ । प्रतिनिधिसभाअन्तर्गतका अर्थसमितिका लागि डा प्रकाशशरण महत, सार्वजनिक लेखा समितिका लागि सञ्जयकुमार गौतम र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका लागि चन्दा चौधरी संयोजक चयन हुनुभएको निर्णयलाई बैठकले अनुमोदन गरेको छ । रासस

# शिक्षा र स्वास्थ्य क्षेत्रलाई उन्नत बनाउन सरकार प्रयासरत छः प्रधानमन्त्री




**पोखरा ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षा र स्वास्थ्य क्षेत्रलाई उन्नत बनाउन सरकार प्रयासरत रहेको बताएका छन् । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै कुलपति ओलीले मुलुकमा अनेक क्षेत्रमा परिवर्तन र प्रगति हासिल हुँदै गएकाले ऋषिमुनिले भन्दै आएको ‘सर्वे भवन्तु सुखिनः’को आधुनिक रुप ‘समृद्ध नेपाल, सुखी नेपाली’को गन्तव्यलाई ध्यानमा राखेर आफूले काम गरिरहेको स्पष्ट पारे ।

व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन भन्नेलाई प्रतिष्ठानको स्थापना र पोखरामै रहेर जनशक्ति उत्पादन हुनु एक दृष्टान्त भएकाले पोखरामा १४ जना बिरामीको मिर्गौला प्रत्यारोपण हुनु विशेष उपलब्धिको विषय भएको ओलीको भनाइ छ ।

प्रधानमन्त्री ओलीले विश्वको यस भूभाग ज्ञान र खोजको भूमि भएकाले आधुनिक चिकित्सा सुरु हुनु अगावै वेद–विज्ञान र प्राचीन चिकित्सा आरम्भ भएको गौरवशाली इतिहास रहेको स्मरण गराउनुभयो । ’हामी उठ्न नसक्ने कुनै कारण छैन । हामी सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्सको सदुपयोग गर्दै विकासमा अगाडि बढ्नेछौँ,’ प्रधानमन्त्री ओलीले भने, ’चीनले त्यत्रो जनसङ्ख्यालाई छोटो समयमा गरिबीको रेखामुनिबाट उठायो । हामीले पनि हाम्रो देश आफैं बनाउन लाग्नुपर्छ ।

लागेपछि नेपाल बन्छ ।’

प्रधानमन्त्री ओलीले दीक्षित विद्यार्थीलाई दृष्टान्तयोग्य, इमानदार, आदर्शवान् र समाजका लागि उपयोगी हुन सक्नुहोस् भन्ने शुभकामना दिँदै प्रधानमन्त्री ओलीले विद्यार्थी र अभिभावकको आर्थिक लगानी, स्नेह र समयको लगानीको प्रतिफल प्राप्त भएको बताए ।

विसं २०८० र २०८० मा प्रतिष्ठानबाट एमडी र एमएसमा उत्तीर्ण ३८ विद्यार्थीलाई दीक्षित भएका छन् । कुलपति ओलीले उत्कृष्ट विद्यार्थी अरविनदकुमार शाह (अर्थोपेडिक्स) र आषिश सापकोटा (जनरल सर्जरी)लाई उपकुलपति पदक वितरण गरे ।

विश्वविद्यालयका सहकुलपति एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल उपस्थित समारोहमा कारोलिनस्का इन्स्टिच्युट स्टकहोम, स्वीडेनका प्रा माग्नुस वेस्ग्रेनले दीक्षान्त भाषण गरेका थिए । प्रतिष्ठानका उपकुलपति प्राडा डुकबहादुर क्षेत्रीले सेवा विस्तारका क्रममा अस्पताललाई ५० शैयाको आकस्मिक विभाग सञ्चालनको तयारी भएको जानकारी दिए । रासस

# सशस्त्र प्रहरीद्वारा निर्मित संरचनाको उद्घाटन

**बाँके ।**
बाँकेको नरैनापुर गाउँपालिका–१ नेपाल बडर आउट पोष्ट कटकुईयाको पूर्वीसीमा क्षेत्र सुइया नाकामा सशस्त्र प्रहरीद्वारा निर्मित भौतिक संरचनाको विहीबार उद्घाटन गरिएको छ ।

‘सीमा बासीसँग सशस्त्र प्रहरी’ कार्यक्रमको अवधारणाअनुरुप सशस्त्र प्रहरी बल नं ३० गण हेडक्वाटर बागेश्वरी गण र गाउँपालिकाको संयुक्त सहकार्यमा नेपाल भारत आवतजावत गर्ने सर्वसाधरणका लागि पिउने पानीको धारा, सार्वजनिक शौचालय र चौतारोसहित भवनको उद्घाटन गरिएको हो ।

बागेश्वरी गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक बिमल डाँगीका अनुसार छिमेकी मुलुक भारतसँग सीमा जोडिएको नरैनापुर–१ सुइयामा सार्वजनिक शौचालय, शुद्ध खानेपानीका लागि ट्याङ्कीलगायत संरचना दुई लाखमा निर्माण गरिएको हो । साथै डुडुवा गाउँपालिका–१ खडैंचामा प्रतिक्षालय र खानेपानी ट्याङ्की निमार्ण गरिएको उनले बताए ।

सशस्त्र प्रहरीले सीमा क्षेत्रलाई लक्षित गरेर ‘सीमा क्षेत्र विकास योजना’ सञ्चालन गरिरहेका जनाउँदै डाँगीले सोही योजना अन्तर्गत नेपाल–भारत सिमानाका स्थानीयको आवश्यकता अनुसार सशस्त्र प्रहरीले धारा, प्रतिक्षालय र शौचालय निर्माण गर्दै आएको बताए ।

‘सीमा नाकामा बस्ने दुई देशका नागरिकलाई आवतजावत गर्दा शौच गर्ने वातावरण सहज होस् भन्ने उद्देश्ले हामीले सीमानाका भौतिक संरचना निमार्ण गरेका हौँ’,उनले भने,‘खानेपानी र शौचालयको व्यवस्थाले वातावरण सफा हुनुका साथै स्थानीयको स्वास्थ्यमा पनि सुधार हुँदै जानेछ ।’

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले शान्ति सुरक्षा कायम गर्न सशस्त्र प्रहरीले पुर्‍याएको योगदान सराहनीय रहेको बताए । ‘सीमाका बासिन्दाको खानेपानी, वातावरणीय सरसफाइलगायत पक्षलाई समेटेर सशस्त्र प्रहरीले उदाहरणीय कामको सुरुआत गरेकामा धन्यवाद’,उनले भने, ‘शान्ति सुरक्षासँगै वातावरण सरसफाइसँग जोडिएको शौचालयको विषयमा पनि सशस्त्र प्रहरी गम्भिर छन् । यस्ता भौतिक संरचनाले विशेषगरी महिला, बालबालिका र जेष्ठ नागरिकलाई प्रत्यक्ष सहयोग पुग्नेछ ।’ नरैनापुर गाउँपालिकाका अध्यक्ष शैयद इस्तियाक अहमद शाहले सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीयसँगको सम्बन्ध अझ प्रगाढ र सुमधुर बनाएर काम गर्न सशस्त्र प्रहरीको यो कदम प्रशंसायोग्य रहेको बताए ।

डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र चौधरीले सीमा क्षेत्रको सुरक्षामा सशस्त्र प्रहरीले निर्वाह गरिरहेको भूमिका अतुलनीय रहेको भन्दै प्रशंसा गरे । उनले सशस्त्र प्रहरीसँग समन्वय गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी)का श्रावस्ती ६२ बटालियन कमान्डेन्ट अमरेन्द्रकुमार बरुनले सीमा क्षेत्रमा सशस्त्र प्रहरीसँग नियमित बैठक र समन्वय हुने गरेको बताउँदै उनले बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालसँग नेपालबाट गाँजा, चरेश र मदिरालगायत सामग्री भारततर्फ हुने तस्करी नियन्त्रणमा समन्वय गरिदिन आग्रह गरे ।

सीमा नाकामा शौचालय, खानेपानी र प्रतिक्षालय निर्माण गरेर दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाएको भन्दै भारतीय एसएसबी अमरेन्द्रले प्रशंसा गरे । उनले दैनिक दुई सयदेखि चार सयसम्म नागरिक नेपाल–भारत आवतजावत गर्ने गरेकोले शौचालय निर्माणले यात्रुलाई सहज हुने विश्वास व्यक्त गरे ।

बाँकेका प्रमुख जिल्ला अधिकारी रिजालले सीमा क्षेत्रमा सशस्त्र प्रहरी उभिएको देख्दा राष्ट्र त्यहाँ उभिएको अनुभूति हुने गरेको बताए । उनले नेपाल–भारत सीमा क्षेत्रबाट हुने चोरी, तस्करी नियन्त्रणसँगै सीमा सुरक्षा, विपद् व्यवस्थापनलगायत क्षेत्रमा सशस्त्र प्रहरीले प्रभावकारी भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै नेपाल–भारत सिमानामा हुने तस्करी नियन्त्रण गर्न मातहतका निकायलाई निर्देशन दिए । रासस

# ‘जलवायुको बहुपक्षीय कोषमा पहुँच पुर्‍याउन पहल गरिने छ’



**काठमाडौं ।**
वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायुको बहुपक्षीय कोषमा पहुँच पुरयाउन पहल गरिने बताएका छन् । राष्ट्रिय सभा अन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिले विहीबार आयोजना गरेको ‘विश्व जलवायु सम्मेलन (कोप २९) को समीक्षा र नेपालको आगामी कार्यदिशा’ बारेमा छलफल गर्दै मन्त्री ठकुरीले अन्तर्राष्ट्रिय जलवायु कोषबाट जलवायु बित्तमा पहुँच स्थापित गर्न पहल जारी रहने बताए । कोप–२९ मा हिमालका मुद्दालाई प्राथमिकता दिए पनि सोचे अनुरुपको उपलब्धी आउन नसकेको उल्लेख गर्दै उनले आगामी दिनमा निरन्तर रुपमा पर्वतीय क्षेत्रका मुद्दालाई प्राथमिकताका साथ उठान गरिने प्रतिबद्धता जनाए ।

‘कोप–२९ मा हाम्रो सहभागिता उपलब्धिमूलक रह्यो, अझै आगामी दिनमा अर्थपूर्ण बनाउन थप गृहकार्य गर्ने छौँ’,उनले भने, ‘स्थायी प्रकृतिको वार्ता टोली गठन गरी प्रशिक्षणको व्यवस्था गरेर आगामी ३० औँ कोपलाई थप उपलब्धिमूलक बनाउँछौँ ।’ रासस

# जनताका समस्यालाई केन्द्रमा राखेर काम गर्न निर्देशन

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जनताका समस्यालाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिएका छन् ।

ऊर्जा मन्त्रालय र त्यस मातहतका उच्च कर्मचारीको बैठकमा उनले ऊर्जा र सिँचाइ क्षेत्र जनतासँग प्रत्यक्ष जोडिएको क्षेत्र भएकाले जनताको समस्यालाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिएको हो ।

‘विद्युत्, सिँचाइ, जल मौसमलगायत क्षेत्रमा यस मन्त्रालय प्रत्यक्ष रुपमा जनतासँग जोडिएको छ, जनताले यस मन्त्रालयको कामबाट अनुभूति हुनेगरी तपाईँहरुले काम गर्नुहोस्’, उनले भने ।

मन्त्री खड्काले मुलुकको विकासमा ऊर्जा र सिँचाइ क्षेत्रको महत्वपूर्ण भूमिका हुने भएकाले सरकारले राखेको लक्ष्य प्राप्त हुनेगरी इमान्दारीपूर्वक कार्यसम्पादन गर्नुपर्ने बताए । उनले अहिले दुई ठूला राजनीतिक दल मिलेर सरकार बनेको र काम गर्ने वातावरण अनुकूल भएकाले निर्धक्क भएर काम गर्न कर्मचारीलाई निर्देशन दिए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर (कान्छाराम) तामाङले स्रोत सुनिश्चित भइसकेका आयोजना तीव्र गतिमा अगाडि बढाउन कर्मचारीलाई निर्देशन दिएका छन् । उनले बाढीपहिरोले क्षति पु¥याएका आयोजनाको पुनःनिर्माण गर्नुपर्ने उल्लेख गरे ।

मन्त्रालयका सिँचाइ सचिव सरिता दवाडी मन्त्रालयले राखेको लक्ष्यप्राप्तिमा कमी भएको भन्दै स्रोत सुनिश्चित भएका आयोजनालाई चाँडो अगाडि बढाउनुपर्ने बताए ।

जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव मधुप्रसाद भेटुवालले ऊर्जा क्षेत्रको विकासका लागि एकआपसमा सहकार्य आवश्यक रहेको बताए । उनले आगामी छ महिनामा सरकारले राखेको लक्ष्य पूरा गर्नेगरी काम गर्नुपर्ने बताएका छन् ।

बैठकमा विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंह, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक देवराज निरौला, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाललगायत मन्त्रालयका विभिन्न महाशाखाका प्रमुखले छ महिनाको भौतिक र वित्तीय प्रगतिका बारेमा जानकारी गराएका थिए । रासस

# प्राप्त उपलब्धिको रक्षा गर्न सबैले आवाज उठाउनुपर्छ

**चितवन ।**
नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताले प्राप्त गरेको उपलब्धिको रक्षा गर्न सबैले आ–आफ्नो ठाउँबाट आवाज उठाउनुपर्ने बताएका छन् ।

चितवनको माडीस्थित सोमेश्वर माध्यमिक विद्यालयको स्वर्ण महोत्सव समारोहलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले सबैको चिन्ता संविधान, समावेशिता र संघीयताको संरक्षण गर्ने हुनुपर्नेमा जोड दिए ।

सरकारले नियमित सदन बोलाएर विधेयक ल्याउनुपर्ने उनको भनाइ थियो ।

‘सदन छलेर अध्यादेश ल्याउनु उचित होइन’, अध्यक्ष दाहालले भने । सरकारले संविधान र लोकतन्त्रको मर्म विपरीत अध्यादेश ल्याएको उनको आरोप थियो । संविधान र लोकतन्त्रको मर्म र भावना अनुरुप काम गर्न अध्यक्ष दाहालले सरकारसँग आग्रह गरे ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि अभिभावक, जनप्रतिनिधि र शिक्षक सबैको मेहनत आवश्यक पर्ने अध्यक्ष दाहालले बताए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य ठाकुर ढकाल, माडी नगरपालिकाका प्रमुख ताराकुमारी काजी महतो, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लेखबहादुर गुरुङलगायतले आ–आफ्नो धारणा राखेका थिए । रासस

# ‘कम्युनिष्ट नेताहरू निष्ठाको आदर्शप्रति समर्पित हुनुपर्छ’

**काठमाडौं ।**
नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले कम्युनिष्ट नेताहरुको आदर्श र जीवनशैलीमा आएको विचलनका कारण मुलुक अग्रगमनतर्फ उन्मुख हुन नसकेको बताएका छन् ।

पार्टीको बागमती प्रदेश कमिटीको सातौँ पूर्ण बैठकको विहीबार काठमाडौँमा उद्घाटन गर्दै अध्यक्ष नेपालले सर्वहारा वर्गले विश्वास गर्ने कम्युनिष्ट नेताहरू निष्ठावान हुन नसकेकाले अहिलेको राजनीतिमा विकृति, विसंगति बढेको र जनता असन्तुष्ट भएको धारणा राखे । राजनीति गर्नेहरूले समाज परिवर्तन र मानव सेवाको भावना राखेर अघि बढ्न सके मात्र युवा पुस्ताले पनि राजनीतिमा विश्वास गर्ने उनको भनाइ थियो ।

कम्युनिष्टका नाममा राजनीति गर्नेले कम्युनिष्ट आदर्श तथा त्याग, तपस्या, बलिदान गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष नेपालले मुलुकमा छरिएका विभिन्न वामपन्थी शक्तिहरुलाई एकै ठाउँमा ल्याउने प्रयास भइरहेको बताए । उनले वैचारिक दृष्टिकोण मिल्ने पार्टीसँगै एकता तथा लोकतान्त्रिक, समाजवादीलगायत बिचार समूहसँग सहकार्य गर्न सकिने उल्लेख गरे ।

पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष नेपालले देशको तीव्र आर्थिक विकासका लागि सुशासन कायम गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि बढ्दै गएको भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्नुपर्ने विचार व्यक्त गरे ।

पार्टी उपाध्यक्ष गंगालाल तुलाधरले पार्टीले राष्ट्रिय राजनीतिमा निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गरे । पार्टी सचिव एवं प्रदेश ईन्चार्ज सावित्रा भुसालले जनता केन्द्रित राजनीतिक गतिविधि सञ्चालन गर्न नेता तथा कार्यकर्तालाई निर्देशन दिइन् । रासस

# हेटौँडा सिमेन्ट उद्योग आर्थिक संकटमाः तीनमहिनादेखि उत्पादन बन्द

**बागमती ।**
हेटौँडा सिमेन्ट उद्योगमा आर्थिक सङ्कट गहिरै जाँदा सिमेन्ट उत्पादन अन्यौलमा परेको छ । उद्योग व्यवस्थापनले उद्योगको विभिन्न उपकरण मर्मतको काम गर्नुपर्ने जनाउँदै गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो ।
उपकरण मर्मतसम्भार गरी गत मङ्सिरको पहिलो साताबाटै उत्पादन सुरु गर्ने बताए पनि उपकरण मर्मतको काम नसकिएकाले उत्पादन सुरु गर्न नसकेको उद्योग प्रशासनले जनाएको छ ।
'उत्पादन सुरु हुन नसक्नुमा उपकरण मर्मत एउटा पाटो हो, तर त्यो मात्रैले पनि उत्पादन रोएिको होइन', हेटौँडा सिमेन्ट उद्योगका प्रशासन प्रमुख तथा प्रवक्ता हरेराम आचार्यले भने, 'आर्थिक समस्या बढ्दै गएकाले कहिलेदेखि उत्पादन सुरु गर्ने भन्ने अन्यौलता बढेको हो ।'
'अहिले उत्पादन ठप्प छ, तर नियमित खर्च जस्ताको त्यस्तै छ', हेटौँडा सिमेन्ट उद्योगका प्रशासन प्रमुख तथा प्रवक्ता हरेराम आचार्यले भने,'उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीको तलब भत्ता दिनै परेको छ, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकै छ', 'यसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा त भईै नै हाल्यो', उनले भने ।
उत्पादन बन्द हुँदा कर्मचारी त्यतिकै बसेर दिन बिताइरहेका छन् । सो उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेको प्रवक्ता आचार्यले बताए । उनका अनुसार तत्काल उद्योग सञ्चालनका लागि उद्योगलाई चाहिने आवश्यक कच्चा पदार्थको समेत समस्या छ । 'उद्योग दैनिक सञ्चालन भयो भने कम्तीमा दैनिक एक सय २० ट्रन कच्चा पदार्थ कोइलाको आवश्यक पर्छ', उनले भने, 'तर त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।' यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी गर्न सकिएको छैन', उनले भने । आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थप्रिएको छ । 'विद्युत् उपभोग त गऱ्यो तर महसुल बुझाउन सकिएन', उनले भने,'अहिले ठ्याक्कै कति महसुलको बक्यौता बुझाउन बाँकी भने भन्न सकिए पनि करिब ३०÷४० करोड जति बक्यौता बाँकी छ होला', त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उनको कथन छ ।




विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरणहरु पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकको भनाइ छ । 'उपकरण पुरानो र बिग्रिसकेको अवस्थामा छ, त्यस्तो अवस्थामा हामीले अपेक्षाकृत रुपमा सिमेन्ट उत्पादन गर्न सकिरहेका छैनौँ', उद्योगका प्राविधिक प्रमुख कामेश्वर मण्डलले भने, 'त्यही भएर हामी अहिले पुरानो उपकरणको मर्मत गरिरहेका छौँ, त्यसमा मेकेनिक लगिरहनुभएको छ, धेरै कामहरु सकिसकेको छ र थोरै बाँकी छ, छिट्टै मर्मत काम सक्छौँ ।' त्यसपछि सिमेन्ट उत्पादन गर्न सकिने उनको भनाइ छ । एकपछि अर्को समस्यासँग जुध्दै आएको हेटौँडा सिमेन्ट उद्योगले गत २०८१ भदौ महिनाको तेस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको सो उद्योगले यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको थियो । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको उद्योग आर्थिक समस्याका कारण थलिएको छ ।
उपकरणको मर्मत कार्य सम्पन्न भएर यही पुस महिनाको दोस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गर्ने तयारी गरिए पनि उपकरण मर्मत गर्न अझ समय लाग्ने भएकाले उत्पादनमा ढिलाइ भएको उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए ।
'उद्योगको क्लिनिकलर मेसिनलगायतका उपकरणको मर्मत कार्य अझै भइरहेकै छ', अध्यक्ष भण्डारीले भने, 'हामीले पुसको दोस्रो सातासम्ममा मर्मत सकिन्छ र त्यसलगतै पुनः सिमेन्ट उत्पादको कार्य सुरु गर्ने अनुमान गरेका थियौँ ।' तर अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योगको उत्पादन सुचारु हुन अझै केही दिन लाग्न सक्ने उनको भनाइ छ ।
उद्योगसँग आर्थिक समस्याका बाबजुत पनि उपकरणको मर्मत कार्यसम्पन्न हुने बित्तिकै सिमेन्ट उत्पादन सुरु गर्ने गरी तयारी भईरहेको उनले बताए । उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मतसम्भारमा समय लागेको बताउँदै अध्यक्ष भण्डारीले मर्मतसम्भारको काम तीव्र रुपमा भइरहेकाले छिट्टै सकिने र त्यसलगत्तैबाट उत्पादन शुरु गर्ने तयारी भएको बताए । रासस

# पुसमै पाक्यो 'चैते काफल'

**तुलसीपुर ।**
चैतमा पाक्ने काफलको परिचय फेरिँदै गएको छ । विगतमा चैतमा मात्रै फल्ने भएकाले चैते काफल भन्ने गरिएकामा अचेल पुष माघमै फल्ने थालेपछि के भन्ने भनेर अन्योलको स्थिति छ ।
हुन त धेरैतिरबाट यस्ता खबरहरू आउने भएकाले हिजोआज कतिपयका लागि यो आश्चर्यको विषय होइन तर दाङको तुलसीपुर उपमहानगरपालिका–१९ छिल्लीकोटमा भने धेरै जना आश्चर्यचकित छन्, किनकि यहाँ पुषमै काफल पाक्न थालेको छ ।
विगत वर्षदेखि यस क्षेत्रमा कुनै वर्ष कि चैतभन्दा पछि, कि त त्यसअघि नै काफल पाक्न थालेपछि धेरैलाई अचम्म लाग्न थालेको हो ।
'गएको वर्ष जेठसम्म पनि चैते काफल नपाकेको छिल्लीकोटमा यस वर्ष भने पुसमै पाकेको छ । यस्तो कहिल्यै हुन्थेन। यो के अचम्म भएको हो ?,' आश्चर्य मान्दै स्थानीय प्रवीर पुनले भने ।
केही वर्षअघिसम्म चैते काफल चैतमै पाक्ने गरेको भए पनि पछिल्लो समय कहिल्यै अघि र कहिल्यै पछि पाक्दा आफूहरू अचम्मित भएको उनको भनाइ छ । यस वर्ष पुसमै काफच चाख्न पाएको पुनले जानकारी दिए। यहाँ पुसको तेस्रो हप्तादेखि काफल पाक्न थालेको हो ।
जलवायु परिबर्तनकजा कारण यस्तो समस्या देखिने गरेको तुलसीपुर उपमहानगरपालिकाका कृषि महाशाखा प्रमुख धनराज गौतमले बताए । उनका अनुसार चिसो मौसममा १० डिग्रीभन्दा कम तापक्रम नहुँदा यसरी अगाडि नै काफल पाकेको उनको भनाइ छ ।
'यस वर्ष १० डिग्रीभन्दा कम तपक्रम नै भएन,' उनले भने, 'यसको प्रभावले पनि छिट्टै काफल पाकेका हुन् ।'
बिरुवामा हर्मोनल प्रभावले यसरी समयभन्दा ढिलो र छिटो हुने गौतमको भनाइ छ । बिरुवामा पातको मुना आउने र फूलको मुना आउने आ–आफ्नै समय हुने गरेको भए पनि यसपटक सँगसँगै पातको मुना र फूलको मुना आउँदा पनि त्यस्तो प्रभाव परेको हुनसक्ने उनको भनाइ छ । रासस

# मुलुकका विभिन्न स्थानमा आगलागी हुँदा करोडौँको क्षति

**काठमाडौँ ।**
संखुवासभाको सभापोखरी गाउँपालिका–६ बाह्रबिसे बजारमा बुधबार दिउँसो भएको आगलागीबाट दुई करोड रुपैयाँ बढीको क्षति भएको अनुमान गरिएको छ । आगलागीबाट बाह्रबिसेमा पाँच वटा घर जलेर नष्ट भएका हुन् ।
आगो नेपाली सेना, प्रहरी र स्थानीयको सक्रियतामा निभाइएको थियो । गाउँपालिकाका अध्यक्ष भिम सिङ्थाका अनुसार पाँच घर जलेर नष्ट हुनुका साथै घरमा रहेका गरगहना, लत्ताकपडा र खाद्यान्न कसैले झिक्न पाएनन् । आगलागी पीडितलाई सभापोखरी गाउँपालिकाले राहत वितरण गरेको छ । गाउँपालिकाले पीडितलाई दुई थान ओड्ने र ओछ्याउने कपडा, भान्सामा प्रयोग हुने सामाग्री र खाद्यान्न वितरण गरेको अध्यक्ष सिङ्थाले बताए ।अग्नी पीडित आफन्त र छिमेकीको घरमा बसेका छन् । आगलागीबाट रामबहादुर राई, अमृता राई, लालसिंह लिम्बु, शुशिल तामाङ र निर्मला कालाखेतीको घर जलेको प्रहरी निरीक्षक रामकुमार लामिछानेले बताए । आगलागीबाट पाँच घरका कम्तिमा १७ जना विस्थापित भएका छन् । बुधवार दिउँसो रामबहादुर राईको घरबाट आगलागी सुरु भएको थियो । आगलागीबाट मानवीय क्षति भने भएको छैन । आगलागीबाट भएको क्षतिको यकिन विवरण सङ्कलन नभएको प्रहरीले जनाएको छ ।
सोलुखुम्बुको नेचासल्यान गाउँपालिका–३ गैरीस्थित मुक्ति बास्तोलाको घरमा नेचासल्यान–३ बस्ने रमेश बास्तोलाले सञ्चालन गरेको होटलमा विद्युत् सर्ट भई बुधबार साँझ आगलागी हुँदा घर, घरभित्र रहेका लत्ताकपडा, भाँडा, अन्नपात, गरगहनालगायत अन्य सामाग्री पूर्णरूपमा जलेर नष्ट भएका छन् । उक्त आगलागीबा करिब २३ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले अनुमान गरेको छ ।
यस्तै, खोटाङको बराहपोखरी गाउँपालिका–५ मौवाबोटे बस्ने ८१ वर्षीय पदमबहादुर राईको घरमा बुधबार दिउँसो आगलागी हुँदा नगद, सुनका गरगहाना, अन्नपात, लत्ताकपडा, भाँडासहित करिब आठ लाख २२ हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ ।
पर्वतको कुश्मा नगरपालिका–४ जिरो किमीस्थित हरी श्रेष्ठको कालिका कपास फ्याक्ट्रीमा विद्युत सर्ट भई बुधबार बेलुकी आगलागी हुँदा फ्याक्ट्री पूर्णरूपमा जलेर नष्ट भएको छ । आगलागीबाट भएको क्षतिको विवरण सङ्कलन भइनसकेको प्रहरीले जनाएको छ ।
मोरङको सुन्दरहरैँचा नगरपालिका–९ झरनापुलस्थित टप क्वालिटी पाट्र्स सेन्टर ग्यारेजमा मर्मत गरिरहेको अवस्थामा को १ च ६६१० नम्बरको कारमा ब्याट्रीको तार सर्ट भई बुधबार राति आगलागी हुँदा कार पूर्णरूपमा जलेर नष्ट भएको छ । उक्त आगलागीबाट करिब २५ लाख रुपैयाँ बराबरको क्षति भएको छ । रासस


## वन डढेलो नियन्त्रण गरौं, जैविक विविधता संरक्षण गरौं सामाजिक, आर्थिक र पर्यावरणीय क्षति न्यून गरौं ।

### वन डढेलो लाग्ने कारणहरू

- विंडी, चुरोट खाएर ननिभाई वनमा फाल्नाले ।
- नयाँ घाँस उर्मानको लागि आगो लगाउनाले ।
- गोल पोलेर आगो ननिभाई छाड्नाले ।
- वनभोज गरी आगो ननिभाई छाड्नाले ।
- वन्यजन्तु भगाउन आगो लगाउनाले ।
- गोठालो तथा केटाकेटीले वनमा आगो बाली ननिभाई छाड्नाले ।
- खेतबारीको झारपात, सिठा दाउरा तथा झिजामिजा डढाउन आगो बाल्नाले ।



### हुन सक्ने हानी नोक्सानीहरू

- भुईमा झरेको बीउ डढेर उम्रिन नपाउँने ।
- साना बोट बिरुवाहरु जली नष्ट हुने ।
- जैविक विविधतामा ह्रास आउँने ।
- वन्यजन्तु तथा तिनीहरुको वासस्थानको विनाश हुने ।
- वन डढेलो मानव वस्तीसम्म फैली धन जनको क्षति हुने ।



### अपनाउनु पर्ने उपाय तथा सावधानीहरू

- अग्निरेखा बनाउने तथा मर्मत सम्भार गर्ने ।
- ज्वलनशील वस्तु लिएर वनमा नजाने ।
- वन जंगल भित्र गोल नपोल्ने ।
- वन डढेलोको असरबारे जनचेतना अभिवृद्धि गर्ने ।
- सल्लीपिर, पात-पतिङ्गर तथा झाडी सफाईबाट उत्पादित
- झिजामिजा समयमै हटाउने ।



### नियन्त्रणका उपायहरू

- आगो निभाउन हरियो स्याउलाले पिट्ने ।
- आगो निभाउन माटोको प्रयोग गर्ने ।
- विपरित दिशाबाट नियन्त्रित आगो लगाउने ।
- अग्नि नियन्त्रित साधनहरुको प्रयोग गर्ने ।



## डिभिजन वन कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल


# गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम तीव्र

**चितवन ।**
भरतपुर महानगरपालिका–१५ स्थित रामपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काम तीव्र रूपमा अघि बढेको छ । महानगरले सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा निर्माण सुरु गरेको रङ्गशालाको हालसम्म करिब १५ प्रतिशत काम सम्पन्न भएको हो ।
महानगरका सिनियर डिभिजनल इन्जिनियर सन्तोष आचार्यका अनुसार हाल एक सय ५० मजदुरले दैनिक काम गरिरहेका छन् । दुई दिनपछि कामदार थप गरी दुई सय १० पुऱ्याइने जनाउँदै उनले चाडपर्वका समयमा निर्माणमा केही ढिलाइ भए पनि मजदुर थप गरेर लक्ष्यअनुरुप कामलाई तीव्र बनाइएको बताए ।
प्याराफिटको ढलानका लागि डण्डी बाध्ने, दुईवटै टावरमा पिल्लर राख्ने, नालाको ढकनी बनाउनेलगायत काम भइरहेका इन्जिनियर आचार्यले जानकारी दिए । उनले भने, 'हामीले १५ प्रतिशत हाराहारी काम गरेका छौँ । बजेटको समस्या नभएमा तोकिएको समयमा निर्माण सम्पन्न हुनेछ । हालसम्म निर्माण कम्पनीलाई छ करोड ६० लाख रुपैयाँ अग्रिम भुक्तानी गरिएको छ ।'
महानगर प्रमुख रेणु दाहालले प्रदेश सरकारले १० करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिइन् । संघीय सरकारले चालु आर्थिक यस वर्ष विनियोजन गरेको रु २५ करोड भने



आइनसकेको उनले बताइन् । सहरी विकास मन्त्रालयबाट फाइल अर्थ मन्त्रालयमा पुगिसकेकाले यथाशीघ्र बजेट निकासा हुने उनले विश्वास व्यक्त गरिन् ।
महानगर प्रमुख दाहालले भनिन्, 'दुई महिनाअघि अर्थ मन्त्रालयमा फाइल पुगेको छ । अर्थमन्त्री र सचिवसँग यो विषयमा छलफल भइसकेको छ । केही दिनमा बजेट निकासा हुने आश्वासन पाएको छु ।' प्रदेश र संघीय सरकारबाट बजेट निकासा समयमा हुने प्रतिबद्धता आएकाले बजेटका कारण काम नरोकिने उनले बताइन् ।
आर्थिक अभावका कारण धुर्मुस सुन्तली फाउण्डेशनले काम स्थगित गर्दै स्वामित्व हस्तान्तरण गरेपछि बागमती प्रदेश र संघीय सरकारसँगको समन्वयमा भरतपुर महानगरपालिकाले रङ्गशाला निर्माण अगाडि बढाएको हो । रङ्गशाला निर्माणको जिम्मा पाएको हिमालयन कालिञ्चोक बिबिआर जेभीले दुई वटा भिआइपी टावर, १० हजार क्षमताको प्याराफिट, मैदान र पीच निर्माण सुरु गरेको छ ।
धुर्मुस सुन्तली फाउण्डेशनले यसअघि पाँच हजार क्षमताको प्याराफिट निर्माण गरिसकेकाले यो काम सकिएपछि रङ्गशालाको कुल क्षमता १५ हजार पुग्ने महानगरका सिनियर डिभिजनल इन्जिनियर आचार्यले जानकारी दिए । गत असार २३ गते ७८ करोड ५० लाख रुपैयाँमा ३० महिनाभित्रमा काम सक्नेगरी भरतपुर महानगर र निर्माण कम्पनीबीच सम्झौता भएको थियो । सम्झौता मितिभन्दा अगाडि काम सक्ने निर्माण कम्पनीको दाबी छ ।रङ्गशाला बनेसँगै अन्तर्राष्ट्रियस्तरका खेल यहाँ खेल्न सकिने छ । महानगर प्रमुख दाहालले संघ, प्रदेश र स्थानीय सरकारको सहकार्य र समन्वयमा बन्न लागेको रङ्गशालालाई यथाशीघ्र सम्पन्न गरी खेलकुदका प्रतियोगिता सञ्चालन गर्ने महानगरको योजना रहेको बताइन् । रासस

# भारतद्वारा अन्तरिक्षमा दुई उपग्रह जोडेर नयाँ कीर्तिमान कायम

**नयाँ दिल्ली ।**
भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले बिहीबार सफलतापूर्वक आफ्नो स्पाडेक्स उपग्रहहरू एसडिएक्स ०१ (चेजर) र एसडिएक्स ०२ (लक्ष्य) अन्तरिक्षमा डक गरेको छ ।
डकिङ प्रक्रिया हालका हप्ताहरूमा कम्तिमा दुई पटक ढिलाइ भएको र अन्ततः बिहीबारको लागि निर्धारित गरिएको थियो ।
अन्तरिक्ष एजेन्सीका अनुसार डकिङपछि दुईवटा उपग्रहलाई एउटै वस्तुको रूपमा नियन्त्रण गर्न सफल भएको र आगामी दिनमा अनलकिङ र पावर ट्रान्सफरबारे अनुसन्धान गरिने छ ।
प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल ट्वीटरमा एक पोस्टमार्फत देशका वैज्ञानिकहरूलाई उपलब्धि हासिल गरेकोमा बधाई दिँदै भने, 'आगामी वर्षहरूमा भारतको महत्वाकांक्षी अन्तरिक्ष अभियानका लागि यो महत्त्वपूर्ण कदम हो ।' रुस, अमेरिका र चीनपछि स्पेस डकिङ हासिल गर्ने भारत चौथो देश बनेको छ । रासस

# हराए ‘पोखराको सम्झना’

*‘वालश्रममुक्त’ उद्योग भनेर लेबल लगाएर मात्र उद्योग सञ्चालनमा आउन थाले । तर नेपालमा अहिले पहिलाको जस्तो विशुद्ध हातबाट बनाइएका प्रशोधित गरिएका गलैँचा उत्पादन हुन छाडेको गुरुङ बताउँछन्, ‘पहिल्यै प्राकृतिक, अर्गानिकरूपमा बनेका गलैँचाहरूको स्थान अब केमिकलयुक्त रङ् र मेशिनको उत्पादनले लिएको छ ।’*

**पोखरा।**
पोखरा नेपालको प्रमुख पर्यटकीय शहर, प्राकृतिक सौन्दर्य, तालतलैया र हिमशृङ्खलाको मनोरम दृश्यले पर्यटकलाई आकर्षित गर्ने गन्तव्यका रूपमा परिचित छ। यहाँ आउने पर्यटकहरू केवल मनोरञ्जनका लागि मात्र नभई आफ्नो यात्राको स्मरणका लागि विशेष उपहार खोज्ने गर्छन्। त्यस्तै पोखराको स्मरणीय उत्पादनमध्ये कुनै समय हातेतानबाट तयार गरिएको गलैँचा प्रख्यात थियो । यद्यपि, समयसँगै बढ्दो आयतित सामग्री र बजार व्यवस्थापनको अभावले आफ्नो मौलिकता बोकेको गलैँचाको बजार भने साँघुरिदै गएको छ । पोखरा महानगरपालिका–२ मोहरिया टोलका पसलहरुमा कुनै समय हातेतानबाट तयार गरिएका गलैँचाहरु प्रशस्त देखिन्थे तर अहिले एकाध पसल मात्र भेटिन्छन् । मोहोरिया टोलमा उमेरले झण्डै ८० पुग्न लागेको बताउने जग्गेलक्ष्मी जोशी पाँच दशकदेखि गलैँचा व्यवसायबाट गर्दै आएको बताए । ‘झण्डै ५० वर्ष भयो मेरो नन्दले यो व्यवसाय गर्नुहुन्थ्यो, अहिले हामीले पनि निरन्तरता दिएका छौँ।’ उनले भने, ‘दिनदिन व्यापार नभए पनि भएको दिन राम्रै हुन्छ, छोराले गलैँचा ल्याइदिन्छ, म बसेर बेच्छु, सन्तुष्ट छौँ।’ उनका छोरा मधुसुदन जोशी भने अन्यत्र कम्प्युटर क्षेत्रमा जागिर गर्छन् । जग्गेलक्ष्मीले परम्परागत महत्व बुझ्ने मौलिक सामग्री उपहार चाहानेहरुले अझै पनि पोखराको सम्झना लेखिएका स्थानीय गलैँचालाई विशेष उपहारको रुपमा लाने गरेको बताए।
‘कहिलेकाहीँ १५÷२० दिनमा बल्ल एउटा व्यापार हुन्छ भने कहिले राम्रै व्यापार हुन्छ’ जोशीले भने। विशेषगरी अमेरिका जापान, जर्मन, थाइल्याण्ड, अष्ट्रेलिया, बुरनाइ, हङकङतिर र गुरुङ, मगर समुदायले अझ बढी उपहारको रुपमा लाने गरेको उनको भनाइ छ। पुरानो डिजाइन घरका ढोकाहरुमा झुण्डाइएका गलैँचामा विदेशी पर्यटकको पनि नजर पर्ने गर्छ र उनीहरुले पनि खरिद गर्छन । पसलमा चार सयदेखि चार हजारसम्मका साना ठुला साइजका गलैँचा छन्।

‘पोखराको सम्झना’ लेखिएका गलैँचा प्रायः घरका भूँइमा देखिन्थे तर अहिले विस्तारै विस्थापित हुँदै गएको बताउँछन् पोखरा उद्योग वाणिज्य सङ्घको पूर्वअध्यक्ष आनन्दराज मुल्मी । ‘यो उत्पादन मात्र थिएन, यसभित्र परम्परा र संस्कृति पनि थियो, महिलाको आर्थिक सशक्तीकरणको आधार थियो, सांस्कृतिक संरक्षण, र रोजगारीको माध्यम पनि थियो ।’ मुल्मीले पछिल्लो समय यसको बजार साँघुरिदै गएको र यदाकदा मात्र देखिने गरेको बताए । उनले समयक्रमसँगै आधुनिक गलैँचाले गर्दा परम्परागत मौलिक गलैँचा भेटिन गाह्रो हुनथालेको बताए।

मुल्मीका अनुसार नेपाली गलैँचाको इतिहास हिमाली भेगका नागरिक र तिब्बती शरणार्थीको आगमनसँग जोडिएको छ। हिमाली भेगमा पाइने भेडाको ऊनबाट उत्पादन हुने धागो गलैँचा बनाउने मुख्य सामग्री हो । यो परम्परा तिब्बतसँग जोडिएको छ, जहाँ शरणार्थी महिलाहरूले आफ्नो परम्परागत सीपलाई पोखरामा भित्र्याए । शरणार्थी बस्तीसँग





जोडिएको गलैँचा उद्योगले स्थानीय महिलालाई रोजगारीका अवसर सिर्जना ग¥यो । तिब्बती डिजाइनलाई नेपालको मौलिक डिजाइन र सांस्कृतिक झल्को दिएर रूपान्तरण गरियो।

सन् १९५९ मा तिब्बतबाट शरणार्थीका रूपमा नेपाल प्रवेश गरेका तिब्बती महिलाहरूले पहिलोपटक हातेतानमा गलैँचाहरू उत्पादन गर्न थाले । उनीहरूको सीपलाई अझ सशक्त बनाउन स्वीस सरकारले सन् १९६० को दशकमा सहयोग ग¥यो। स्वीस सरकारको परियोजनाले उनीहरूलाई गलैँचा तान्ने प्राविधिक तालिम, गुणस्तर सुधारका उपाय र अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गर्ने तरिकाहरू सिकायो । गलैँचा उत्पादनबाट तिब्बती शरणार्थी उत्साहित भए नेपाली मौलिकतासँग जोडिएर उत्पादन गर्न थाले। स्विस सरकारले यसलाई थप बिस्तार गर्दै काठमाडौँ जावलाखेलको एकान्तकुनामा गलैँचा उद्योग नै स्थापना गरेर र उत्पादनलाई बजारीकरणमा पनि सहयोग ग¥यो । उनले नेपाली गलैँचाले अन्तर्राष्ट्रिय बजारमा नेपालको हस्तकलाको पहिचान दिलाउन पनि भूमिका खेलेको बताए । हाते गलैँचाहरू ऊन, प्राकृतिक रङ र नेपाली मौलिक परम्परागत डिजाइनबाट निर्माण हुने र नेपाली संस्कृति, हिमालको जनजीवनको झल्को पाइने भएकाले पनि पर्यटकलाई आकर्षित गर्नुका साथै, नेपालको सम्झना बोक्ने कोसेली बन्ने सम्भावना रहेको उनको भनाइ छ।

हिमाली भेगका बासिन्दा राडी, पाखी बुनेर प्रयोग गर्थे, व्यापारिक उद्देश्यले तिब्बत नून लिन जाने क्रममा नेपालीले त्यहाँबाट गलैँचा बुन्ने सीप भित्र्याएसँगै यसको मौलिकपन पाएको बताउनुहुन्छ, नेपाल घरेलु तथा साना उद्योग महासङ्घकी केन्द्रीय उपाध्यक्ष एवम् हिमालय डेकोर रग्सका सञ्चालक शोभा गुरुङ । उनले नेपाली हाते गलैँचा ऐतिहासिक महत्व र यी गलैँचाहरू मौलिक ढाँचाका, प्राकृतिक रङबाट सुसज्जित र टिकाउ हुने गरेको बताइन् । गुरुङका अनुसार, सन् १९६० पछि स्वीस सरकारले नेपाली गलैँचा उद्योगलाई अन्तर्राष्ट्रिय बजारमा पु¥याउन सहयोग ग¥यो र जर्मनी, बेल्जियममा निर्यात हुन थाल्यो । गलैँचा उत्पादनमा बलियो नटिङ प्रणाली थियो। यसले अन्तर्राष्ट्रिय बजारमा उत्कृष्ट स्थान बनायो । शुरुआतमा हिमाली भेगका थकाली महिला र तिब्बती शरणार्थीहरूले मात्रै गलैँचा बनाउँथे, पछि अन्य समुदायले पनि यो पेसा अँगाले। सन् १९९० को दशकमा गलैँचा उद्योगमा अस्वस्थ प्रतिस्पर्धा बढ्यो। कमसल कच्चा पदार्थको प्रयोग हुन थालेपछि गलैँचाको बजार खस्कँदै गयो । त्यति नै बेला गलैँचा उद्योगमा बाल मजदूरको प्रयोग भएको कुरा युरोपियन युनियनले उठायो। यसले गलैँचाको फस्टाउँदा बजार स्वात्तै झ¥यो । युरोपेली मुलुकले बाल मजदूरको प्रयोग गरेको भन्दै नेपाली गलैँचामा प्रतिबन्ध लगाएपछि यो उद्योग नराम्ररी सङ्कटमा पर्यो।

‘वालश्रममुक्त’ उद्योग भनेर लेबल लगाएर मात्र उद्योग सञ्चालनमा आउन थाले। तर नेपालमा अहिले पहिलाको जस्तो विशुद्ध हातबाट बनाइएका प्रशोधित गरिएका गलैँचा उत्पादन हुन छाडेको गुरुङ बताउँछन्, ‘पहिल्यै प्राकृतिक, अर्गानिकरूपमा बनेका गलैँचाहरूको स्थान अब केमिकलयुक्त रङ् र मेशिनको उत्पादनले लिएको छ।’

नेपालमा परम्परागत मौलिक गलैँचा उद्योग पुनःसञ्चालन गर्नका लागि सरकारले भेडापालन प्रोत्साहन गर्दै र दक्ष जनशक्तिका लागि तालिममा जोड दिनुपर्ने बताए । ‘अहिले पनि नेपालको गलैँचा उद्योग विदेशी मुद्रा भित्र्याउने प्रमुख क्षेत्र हो, तर यस क्षेत्रप्रति राज्यको चासो बढ्न सकेको छैन’, अहिले भारतले नेपाली गलैँचाको नक्कल गरेर नेपाली गलैँचा बजार कब्जा गर्दै गएको उनको भनाइ छ।

महिला सीप विकास संस्था पोखराका कार्यकारी निर्देशक रामकली खड्का स्थानीय उत्पादन, विशेषगरी गलैँचा उद्योगले महिलाहरूको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसको उत्पादन र बजार बढाउनुपर्ने बताउँछन् । ‘यो उत्पादनको माग राम्रो भए पनि उत्पादनको स्तर र बजारीकरणको दायरा सिमित छ, स्थानीय सरकारले यस उद्योगलाई प्रवद्र्धन गर्न तालिमको व्यवस्था गरी उत्पादन क्षमता बढाउन सकेमा, हामी बजारीकरणमा पहल गर्न तयार छौं’, खड्काले भने। हिमाली भेगका विशेष थकाली महिलाहरुले हातेतानबाट बुन्ने विशेष कलालाई अरु समुदायका महिलामा पनि हस्तान्तरण गर्न आवश्यक रहेको उनको भनाइ छ । पोखरा महानगरपालिका व्यवसाय प्रवद्र्धन केन्द्रका प्रमुख नवराज अधिकारीले स्थानीय उत्पादन र पर्यटकले लाने उपहारको प्रवद्र्धनलाई प्राथमिकता दिँदै विभिन्न नीति तथा योजना अघि सारेको बताए । अधिकारीले भने, ‘पोखरा महानगरको नीतिअनुसार पोखराका हस्तकला, ढाका कपडा, गलैँचा, परम्परागत हस्तशिल्प सामग्री, कृषि उपजलाई ब्राण्डिङ गरिने र यसका लागि ‘कोसेली घर’ स्थापना गर्ने योजना अघि सारिएको छ ।’ उनले स्थानीय उत्पादनलाई एकीकृत रूपमा प्रदर्शन र बिक्री गर्ने उद्देश्यसहित अघि बढेको बताए । महानगरपालिकाले पर्यटकहरूलाई स्थानीय संस्कृति र उत्पादन अनुभव गराउँदै पोखराका उत्पादनलाई दिगो बजारीकरण गर्न चाहेको बताए । ‘महानगरले परम्परागत गलैँचा, ढाका टोपी, काठका सामग्री र हातले बुनेका हस्तकला वस्तुहरूलाई पर्यटकका लागि आकर्षक उपहारका रूपमा विकास गरिहरेको छ’ अधिकारीले भने।

पर्यटकले लाने उपहारलाई थप पर्यावरणमैत्री बनाउन हरित उत्पादनलाई पनि प्रोत्साहन गरिरहेको उनको भनाइ छ । उनका अनुसार कला सांस्कृतिक, जगेर्नादेखि हस्तकला, कृषि उत्पादन, लगायत सीप विकाससम्बन्धी २१ थरीका तालिमबाट १६ सय जनालाई तालिम दिइसकेको छ । पोखरा छोरेपाटनस्थित तिब्बतियन शरणार्थी क्याम्पमा रहेको टासिलिङ हस्तकला सेन्टरका म्यानेजर कर्मा सोनामले सीप हस्तातरण नहुँदा र नयाँ पुस्ताले रुचि नदेखाउँदा हातेतानका गलैँचा उत्पादन कमि हुँदै गएको बताए । ‘अहिले पोखराको हेम्जा, पृथ्वीचोक र छोरेपाटन तिब्बतीयन शरणार्थी क्याम्प छन् । तर व्यावसायिक रुपमा क्याम्पभित्र गलैँचा उत्पादन हुन सकेको छैन।’

उनले क्याम्प घुम्न आउने पर्यटकको लागि देखाउने र सोभनियरको रुपमा लैजाने गलैँचा मात्र उत्पादन हुने गरेको बताए। हाते गलैँचाको लागि धैरै विधि र प्रक्रियाबाट मात्र सम्भव हुने तर अहिले सस्तो र सजिलै उत्पादन हुने गलैँचाले स्थान लिएपछि मौलिक परम्परा बो◌ेकेको गलैँचा विस्तारै हराउन थालेको उनको भनाइ छ । सम्बन्धित निकाय र स्थानीय समुदायले सहकार्य गरेर गलैँचाको मौलिकतालाई जोगाउनेतर्फ कदम चाल्नसके यसको बजार बढाउँदै रोजगार सिर्जना गर्न सकिने विश्वास सोनामको छ । रासस

# दलित समुदायका लागि सामुदायिक भवनको शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २९ को बसडिल्वामा दलित समुदायका लागि सामुदायिक भवनको शिलान्यास गरिएको छ । वीरगंज महानगरपालिकाद्वारा आयोजित कार्यक्रममा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले भवनको शिलान्यास गरेका हुन् । शिलान्यास कार्यक्रममा नगर प्रमुख राजेशमान सिंहको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागीहरूले सामुदायिक भवन निर्माणले दलित समुदायको सामाजिक तथा सांस्कृतिक गतिविधि सञ्चालन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । दलित समुदायका लागि निर्माण हुन लागेको यो सामुदायिक भवनले समुदायका सदस्यहरूको सामाजिक, शैक्षिक, र सांस्कृतिक गतिविधिका लागि एकीकृत स्थान प्रदान गर्ने अपेक्षा गरिएको छ । नगर प्रमुख सिंहले यस भवनले दलित समुदायलाई आफ्नो हकअधिकार सुनिश्चित गर्न र सामाजिक गतिशीलता बढाउन सहयोग पु¥याउने बताए । प्रमुख प्रशासकीय अधिकृत कर्णले महानगरपालिकाले सामाजिक न्याय र समावेशिताका लागि यस्ता परियोजनाहरूमा प्राथमिकता दिएको उल्लेख गरे । यो सामुदायिक भवनको शिलान्यासले वीरगंज महानगरपालिकाको समावेशी विकासमा थप योगदान पु¥याउने देखिन्छ। भवन निर्माण पूरा भएपछि यसले दलित समुदायको सशक्तीकरण र सामाजिक उत्थानमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । रासस

# आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा आकर्षण बढ्दै

**मधेशदृष्टि**
**चन्द्रपुर ।**
रौतहटको चन्द्रपुर–६ चन्द्रनिगाहपुरमा रहेको प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय चन्द्रनिगाहपुरमा बिरामीको आकर्षण बढेको छ । केही वर्षअघि दैनिक तीन÷चारजना मात्र सेवाग्राही आउने उक्त चिकित्सालयमा हिजोआज ५० जनाभन्दा बढी बिरामीहरू उपचारका लागि आउने गरेका छन् । चिकित्सालयका सूचना अधिकारी रुपनारायण महतोले चिकित्सालयमा रौतहटका मात्र नभई छिमेकी मुलुक भारतबाट समेत उपचारका लागि आउने गरेको जानकारी दिए । हरेक वर्ष चिकित्सालयमा आउने बिरामीको संख्या बढ्दै गएको उनले जानकारी दिए । गत आर्थिक वर्ष २०८०÷८१ मा ३१ हजार दुई सय ६६ बिरामीले सेवा लिएकामा १६ हजार एक सय २४ पुरुष र १५ हजार एक सय ४२ जना महिला रहेका महतोले बताए ।

प्राप्त तथ्याङ्कअनुसार सो केन्द्रमा सबैभन्दा बढी सन्धिगत बाथरोगका बिरामीहरु बढी आउने गरेको पाइएको छ । गत आर्थिक वर्षमा सो रोगका पाँच हजार ६



सय २० जना बिरामीले उपचार गराएका थिए । यसैगरी, अल्पपित्तका चार हजार सात सय २५ जनाले उपचार गराएको तथ्याङ्कमा उल्लेख छ । चालु आर्थिक वर्षको गत साउनदेखि मङ्सिरसम्म चार हजार तीन सय ५२ महिला र चार हजार सात सय ५४ पुरुष गरेर नौ हजार एक सय ६ जनाले सेवा लिएको सूचना अधिकारी महतोले जानकारी दिए । यहाँ सेवाग्राहीको आकर्षण बढ्दै गए पनि भौतिक पूर्वाधार तथा अन्य स्रोतसाधनको अभावले उपचारमा समस्या भइरहेको चिकित्सालयका प्रमुख डा शिवशङ्कर रायले गुनासो गरे । सानो भवन, केमिकलको अभावले थाइराइड जस्ता रोगको परीक्षण गर्न नसकिएको उनले बताए । 'प्रदेश सरकारले पठाउने विभिन्न प्रकारको औषधि आठ/नौ महिनामा नै सकिन्छ । त्यसपछि औषधिको समेत समस्या हुने गरेको छ । स्थानीय सरकारले सहयोग नगर्ने र प्रदेश सरकारले समयमा नै औषधि नपठाउने र पठाएको औषधिसमेत पर्याप्त नहुँदा सेवा प्रवाहमा कठिनाइ हुने गरेको छ', प्रमुख रायले भने । यहाँ बहिरङ्ग सेवा (ओपिडी), ज्येष्ठ नागरिक सेवा (ज्येष्ठ नागरिकलाई रसायन औषधि निःशुल्क वितरण), स्तनपाइ (आमाहरूलाई दूधवद्र्धक औषधि निःशुल्क वितरण), बाथका बिरामीका लागि पञ्चकर्म सेवा, होमियोप्याथिक सेवा र प्रयोगशाला सेवा दिने गरिएको छ । आयुर्वेद सेवा केन्द्रमार्फत अति आवश्यकमध्ये २३, स्तनपाइका दुई र ज्येष्ठ नागरिकलाई तीन प्रकारका औषधिहरू निःशुल्क दिने गरिएको कार्यालय प्रमुख रायले जानकारी दिए । यहाँ उपचारका लागि आउने बिरामीले 'एलोपेथिक' बाट हुक्क भएपछि आयुर्वेदतर्फ आकर्षित भएको बताउने गरेका छन् । त्यसैकारण चिकित्सालयको वृत्तिविकासमा सरकारले आवश्यक सहयोग गर्नुपर्ने धेरैको भनाइ छ । गरुडा–९ कमलपटीबाट यहाँ उपचारका लागि आउनुभएका कमल सहनीले वर्षौंसम्म खुट्टा दुखेको समस्याको उपचार गराउँदा पनि समाधान नभएपछि चिकित्सालयमा आएको सुनाए । उनले चिकित्सालय व्यवस्थापकीय सुधार र पूर्वाधार निर्माणमा ध्यान दिए आफूजस्ता धेरै बिरामी लाभान्वित हुने बताए । गढीमाई– ४ मदनपुर बलुवाकी अमृताकुमारी बैठाले पनि आयुर्वेद चिकित्साबाट आफूजस्ता धेरै बिरामी लाभान्वित भएको भन्दै चिकित्सालयको सुधारका लागि आग्रह गरे ।


# घरेलु तथा साना उद्योग पर्साको अध्यक्षमा कानु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको नेपाल घरेलु तथा साना उद्योग महासंघको अधिवेशनबाट हिरालाल साह कानु तेस्रो पटक अध्यक्षमा सर्वसम्मत चयन भएका छन् । अधिवेशनले कानुको नेतृत्वमा १० सदस्यीय नयाँ जिल्ला कार्यसमिति गठन गरेको हो । वरिष्ठ उपाध्यक्षमा लक्ष्मण प्रसाद साह, उपाध्यक्षमा यसोदा गजुरेल, महासचिवमा मदिरा राउत, कोषाध्यक्षमा राम नगिना साह कानु र सहसचिवमा घनश्याम नायक रहेका छन् । समितिका अन्य सदस्यहरूमा हरि पराजुली, रबिन्द्र सिंह, पार्वति शर्मा र संतोशी खतिवडा रहेका छन् । महिला उद्यमी समितिको अधिवेशनले पनि सर्वसम्मत रूपमा नयाँ नेतृत्व चयन गरेको छ । अध्यक्षमा राधा हमाल चयन भएकी छन् ।

# सीमापार धार्मिक पर्यटन प्रवर्द्धनमा जुट्दै नेपाल–भारत

**भारत ।**
सीमापार धार्मिक पर्यटन प्रवद्र्धनका लागि नेपाल र भारतका पर्यटन व्यवसायीहरूले प्रतिबद्धता जनाएका छन् । नेपालस्थित भारतीय दूतावास, नेपाल पर्यटन बोर्ड र भारतको उत्तरप्रदेश पर्यटन बोर्डको समन्वय र सहकार्यमा आयोजित दुवै देशका पर्यटन व्यवसायीहरूबीचको अन्तरक्रियामा सहभागी व्यवसायीहरू एकापसमा सहकार्य गर्दै पर्यटन प्रवद्र्धनमा जुट्ने प्रतिबद्धता जनाएका हुन् ।

सीमा क्षेत्रको पर्यटनका साथै धार्मिक पर्यटन प्रवद्र्धनमा साझेदारी फराकिलो बनाउँदै दुवै देशको परस्पर हित र लाभका लागि सहकार्य गर्ने दुवै मुलुकका पर्यटनसम्बद्ध निकाय तथा व्यवसायीको भनाइ छ । यसैको तयारीस्वरूप नेपाली व्यवसायीहरूलाई भारतका विभिन्न धार्मिकस्थलहरूको छ दिने अवलोकन भ्रमण गराइएको छ । यस क्रममा विश्वप्रसिद्ध धार्मिक एवं पर्यटकीयस्थलरू मथुरा, आगरा, प्रयागराज, लखनऊ, बनारस र अयोध्या क्षेत्रको परिचयात्मक भ्रमण तथा पर्यटन व्यवसायीबीच अन्तरक्रिया गरिएको छ । भ्रमणका क्रममा आगरामा आयोजित कार्यक्रममा दुवै देशका पर्यटन व्यवसायीहरूले दुवै देशको पर्यटन सम्भावना, चुनौती र अवसरबारे खुलेर छलफल गरे । ताजमहललाई पृष्ठभूमिमा राखेर गरिएको 'बिटुबी' कार्यक्रममा दुवै पक्षले आआफ्ना देशका पर्यटकीय क्षेत्रबारे जानकारी समेटिएका पुस्तिकालगायत सम्पर्क नम्बर तथा ठेगाना आदानप्रदान गरे । उत्तरप्रदेश पर्यटन विभागका अतिरिक्त



रणनीतिक अधिकृत आकाश दीपले यस प्रकारको कार्यक्रमले दुवै देशको पर्यटन विकासका लागि सहकार्य गर्न महत्वपूर्ण टेवा पुग्ने बताए । आगरा ट्राभल एजेन्ट एसोसिएसनका महासचिव कौशलेन्द्र सिंहले नेपाल र भारतबीच रहेको धार्मिक पर्यटनको सम्भावनालाई उजागर गर्न छलफल सफल भएको बताए । नेपालका चर्चामा रहेका धेरै पर्यटकीयस्थलबारे जानकारी पाउँदा खुसी लागेको उल्लेख गर्दै उनले भारतीय पर्यटकलाई ती धार्मिक एवम् पर्यटकीयस्थलमा भ्रमण गर्न उत्प्रेरित गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपाली व्यवसायी तथा नेपाल पर्यटन बोर्डका प्रतिनिधिहरूले नेपालका धार्मिक पर्यटकीयस्थलबारे जानकारी गराए । त्यस अवसरमा व्यवसायीहरूले नेपालका महत्वपूर्ण पर्यटकीय क्षेत्रबारे चर्चा गर्दै त्यहाँ पर्यटकीय गतिविधि बढाउन भारतीय पक्षबाट सहयोगको अपेक्षा व्यक्त गरे । भारतीय पर्यटकलाई ती स्थानमा पठाउन आग्रह गरे । नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक श्रद्धा श्रेष्ठले दुई देशबीचको पर्यटकीय सम्भावनाको उजागर, व्यवसायीबीच सहकार्य अभिवृद्धिका साथै अन्तरदेशीय पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

जनकपुर उपमहानगरपालिका प्रमुख मनोजकुमार साहले अयोध्या र जनकपुरलाई रामायण सर्किटका रूपमा विकास गर्न लागिपरेको भन्दै आवश्यक सहयोग र समन्वय गर्न आग्रह गरे । पर्यटन व्यवसायी मायाप्रसाद भट्टले सुदूरपश्चिममा सम्भावना रहेका नयाँ पर्यटकीय गन्तव्यमा पर्यटक पु¥याउन सहकार्य जरूरी रहेको बताए । उनले भने, 'जङ्गल सफारी र विभिन्न धार्मिक तीर्थस्थल, पवित्र क्षेत्र बढिमालिका, खप्तडलगायत क्षेत्रको प्रवद्र्धनमा दुवै देशबीच सहकार्य आवश्यक छ ।'

बनारसमा 'रोड शो'
नेपाल र भारतको धार्मिक पर्यटनलाई बढावा दिन बनारसमा पनि प्रवद्र्धनात्मक कार्यक्रम गरिएको छ । ब्यानरसहित सडक परिक्रमा गरी शास्त्री घाटमा पुगेर सम्पन्न भएको थियो । सोही अवसरमा नेपालबाट परिचयात्मक तथा बिटुबीका लागि सहभागी नेपाली प्रतिनिधिहरूलाई स्वागत गरियो । उत्तरप्रदेश पर्यटन विभाग र व्यवसायी प्रतिनिधिहरूले स्वागत गर्दै दुवै देशमा धार्मिक पर्यटन वृद्धि कसरी गर्न सकिन्छ भनेर विमर्शसमेत गरे । बनारसी टुरिजम गिल्टका अध्यक्ष सन्तोषकुमार सिंहले नेपाल र भारतबीचको शदिऔँदेखिको धार्मिक, सांस्कृतिक सम्बन्धको लाभ दुवै पक्षले लिनुपर्ने बताए । उनले बुद्ध र हिन्दू दुवैका लागि नेपाल र भारत महत्वपूर्ण पर्यटकीयस्थल रहेको तथा पर्यटक आदानप्रदान हँुदै आएको भन्दै १२ वर्षपछि लाग्ने कुम्भ मेलामा हिन्दू नेपाली पर्यटकलाई सहभागी हुन आह्वान गरे । साथै उनले नेपालको सडक पूर्वाधार सुधार गर्नसके धेरै भारतीय पर्यटक नेपालको भ्रमण गर्न आतुर रहेको बताए ।

उत्तरप्रदेश पर्यटन विभागका उपनिर्देशक आरके रावतले धार्मिक पर्यटन प्रवद्र्धनका लागि नेपाल र भारतले लिएको सामूहिक पहल सकारात्मक रहेको भन्दै यसलाई निरन्तरता दिइनुपर्नेमा जोड दिए । त्यसअघि लखनऊमा उत्तरप्रदेश पर्यटन विभागको आयोजनामा पर्यटनसम्बन्धी औपचारिक कार्यक्रम गरिएको थियो । जहाँ दुवै देशका पर्यटनसम्बन्धी सरकारी निकाय र निजी क्षेत्रका पर्यटन व्यवसायीबीच अन्तरक्रिया र व्यावसायिक अनुभव आदान–प्रदानका साथै आगामी पर्यटन रणनीतिबारे छलफल भएको थियो ।

उत्तरप्रदेश पर्यटन विभागको निमन्त्रणामा २३ जना नेपाली व्यवसायी, सरकारी प्रतिनिधि, सञ्चारकर्मी यस कार्यक्रममा सहभागी भए । यसअघि नेपालले भारत उत्तरप्रदेशका पर्यटन व्यवसायीहरूलाई नेपालमा आमन्त्रण गरी नेपालका पर्यटकीय क्षेत्रबारे जानकारी गराउनाका साथै दुवै पर्यटन बोर्डहरुबीच यस्ता कार्यक्रमलाई वार्षिक कार्यतालिका बनाई निरन्तरता दिने घोषणा गरेका थिए ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन